साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepalltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक ५ २०८३ भदौ २ गते मंगलबार (Aug 18, 2026) मूल्य रू. १०/-

## भारतीय सेनाध्यक्ष नेपालमा



१९५० देखि सुरू भएको नेपाल र भारतका प्रधान सेनापतिहरूको मानका लागि मान आदान प्रदान गर्नेका लागि भारतीय सेनाध्यक्ष जनरल धिरज सेठ ४ दिनका लागि नेपाल आइपुगेका छन् । जनरल सेठले राष्ट्रपतिबाट नेपाली सेनाको मानार्थ महारथीको दर्जा ग्रहण गर्ने, प्रधानमन्त्री र प्रधानसेनापति अशोकराज सिग्देललगायतसँग भेटवार्ता गर्नेछन् ।


मुख्य सवाल जनरल सेठ मानार्थ महारथी दर्जा ग्रहण गर्नुका साथै भारतको विशेष मेसेज पनि लिएर आएको हुनसक्ने अनुमान छ । साथै नेपाल-भारतबीचको द्विपक्षीय सैन्य सम्बन्ध र सहयोगका विषयमा छलफल हुने कार्यक्रम छ । जनरल सेठको सेनाध्यक्ष बनेपछि यो पहिलो विदेश भ्रमण भएको बुझिएको छ ।

## गिरफ्तारीले सञ्चार तरङ्गित



काठमाडौं । जनआस्थाका सम्पादक एवं प्रेस काउन्सिल नेपालका पूर्व अध्यक्ष किशोर श्रेष्ठलाई पक्राउ गरिएको घटनाले सञ्चार जगत, कानूनी वृत्त र राजनीतिक वृत्तलाई समेत तरङ्गित पारेको छ । यो घटनाले पूर्ण प्रेस स्वतन्त्रता र संविधान प्रदत्त हकका विषयमा समेत गम्भीर बहस भइरहेको छ । सासद अमरकान्त चौधरीसँग जोडिएको एक युवतीको अन्तरङ्ग तस्बिर र समाचार सामाजिक सञ्जाल तथा छापामा प्रकाशित भएको विषयलाई लिएर जनआस्थाका सम्पादक किशोर श्रेष्ठलाई पक्राउ गरिनु आपत्तिजनक थियो नै । त्यसमाथि हतियारधारी सुरक्षाकर्मीले श्रेष्ठको घर र कार्यालयमा छापा मारिनु र सञ्चार सामग्रीहरू जफत गरिनु आपत्तिजनक छ । किशोर श्रेष्ठमाथिको यो कारवाही वास्तवमा स्वतन्त्रता र संविधान प्रदत्त अधिकारको हननसमेत हो । यो घटनाले प्रेस र सरकारवीचको सम्बन्धलाई समेत शंकाको घेरामा पारेको छ । ती युवतीले प्रहरीमा उजुरी दिएपछि प्रहरीले सोही उजुरीको आधारमा सम्पादक किशोर श्रेष्ठलाई पक्राउ गरिएको हो । जबकि ती युवतीको फोटो पहिले नै फेसबुकमा प्रशारित भइसकेको दावी जनआस्थाको रहेको छ ।

## एक्लाएक्लै हिडेर कहाँ पुगिन्छ ?



डा.बाबुराम भट्टराइ

पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईले विपक्षी दलहरूलाई प्रश्न गरेका छन्- एक्लाएक्लै हिडेर कहाँ पुगिन्छ ? यो समय जेनजीको काँधमा चढेर देशलाई अँध्यारो युगतिर फर्काउने षड्यन्त्र र नयाँ द्वन्द्व सिर्जना हुनसक्ने खतरातिर चिन्ता गर्नुपर्ने हो । संघीयता र गणतन्त्रप्रति प्रतिवद्ध दलहरू एकढिक्का हुनुपर्ने बेलामा आआफ्ना विवाद र बाटो समात्नु बिडम्बनापूर्ण परिदृश्य देखिनु बिडम्बनापूर्ण छ । पूर्वप्रम भट्टराईले गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रलाई संविधानका चार आधारस्तम्भ हुन् भन्दै यीमध्ये कुनै एक कमजोर भए समग्र संरचना धरापमा पर्नसक्ने र यसो भयो भने नेपालको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डतामाथि समेत चुनौती आउन सक्ने खतरा देखाएका छन् ।

भट्टराईले अलग भेला गरेर म हिन्दु हुँ भन्दै कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले 'धर्म भाकेको' प्रसङ्गलाई इङ्गित गर्दै 'दालमा केही कालो' भनेका छन् ।

## सम्पत्ति शुद्धीकरणको माखेसाङ्लो



जेनजी आन्दोलनका बेलामा जनताबाट कुटाई खाएर रगताम्मे बनेका पूर्वप्रम तथा कांग्रेसका पूर्व सभापति देउवा परिवारसहित उपचारका नाममा हङकङ, सिंगापुर गए पनि उनको सत्ता र शक्तिको भोक अझै मरेको देखिएन । ५ महिनापछि उनी फर्केर स्वदेश आए र उनले हुँकार गरे- राजा ज्ञानेन्द्रले त सकेनन्, कसले के गर्छ ? त्यसपछि कांग्रेसको इतरपक्षको नेतृत्व गर्दै भेलामा सहभागी भए, त्यही भेलाको अन्तिम दिन देउवाले भने- म हिन्दु हुँ । मन्दिर जान्छु, पूजा गर्छु भन्दै उनले बालेन सरकारलाई चुनौती दिएका हुन् ।

तर भयभित मुहारमा देखिएका ५ पल्ट प्रधानमन्त्री भइसकेका देउवाका पत्नी डा.आरजु राणा र छोरा जयवीर विदेशमै छन् । देउवा परिवारको यतिधेरै सम्पत्ति देखिएको छ कि सम्पत्ति शुद्धीकरणमा उनले क्लिनचिट लिनैपर्ने छ । देउवा परिवारकै नाममा पहिले रेडकर्नर नोटिस जारी गर्ने प्रयत्न भएको थियो, त्यसपछि तिनै जनाका नाममा हाजिर हुन आउन सम्पत्ति शुद्धीकरणको पूजी पनि गइसकेको छ । आगामी दिन देउवा परिवारका लागि कानुन कहर बन्ने स्थिति देखिन्छ ।

## बालेनमाथि विदेशी दबाब र हस्तक्षेप



रास्वपाका प्रम बालेन साहको सरकारले चौथो बरियताका न्यायाधीशलाई प्रधानन्यायाधीश नियुक्त गरेपछि अभरमा परेका र नैतिक दबाब झेलिरहेका न्यायाधीशहरू राजीनामा नदिने मूडमा जागीर खाइरहेका छन् । यिनले यति ठूलो अन्तर्राष्ट्रिय दबाब सिर्जना गरिदिए कि न्यायाधीशमाथि महाभियोग किन लगाउन लागेको भनेर विदेशी संयन्त्र एमनेष्टीले विज्ञप्ति नै निकालेको थियो भने अनेक विदेशी संस्थाहरूले दबाब दिएको खुलेको छ । न्यायमूर्तिहरूका पक्षमा विदेशी किन खुलेर हस्तक्षेपमा उत्रिए भन्ने विषय सार्वभौमिकता र स्वराजका लागि खतराको घण्टी हो ।

पहिलोवर्ष सुशासनको वर्ष भनेर प्रम बालेनले घोषणा गरेका थिए । प्रशासन र न्यायालय सुधार गर्न खोज्दा न्यायाधीशमाथि राजीनामाको दबाब दिएको भनेर विदेशी संस्था एमनेष्टीले विज्ञप्ति निकाल्नुलाई हस्तक्षेप मानिएको छ । जसरी पनि बालेन सरकारलाई असफल पार्न खोजिएको रूपमा यो घटनालाई हेरिएको छ ।

# देउवा वीपी नीतिमा फर्किने




प्रजातन्त्र, राजतन्त्र र राष्ट्रवादको त्रिखुट्टीमा कांग्रेसलाई उभ्याएका वीपी कोइरालाले आफूलाई राजतन्त्रले जतिसुकै दुःख दिए पनि जीवनभर त्यही सिद्धान्तमा अडिग रहे । जनमत संग्रहमा पञ्चायतले हार्दा पनि पार्टीभित्र बिद्रोह हुनखोज्दा वीपीले नै रोकेका थिए । निर्वाचन परिणाम स्वीकार गरेका थिए । एकदिन प्रजातन्त्र आउँछ, जनतामा विश्वास गर्नुपर्छ भनेका थिए ।

वीपी नै हुन्, २०३३ सालमा मेलमिलापको नीति लिएर स्वदेश फर्कने, वीपीले नै भनेका थिए- मनमा दुविधा हुँदा देशको माटो हातमा लिनु, माटोले जे भन्छ, त्यही निर्णय गर्नु ।

तर, तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई प्रचण्डले गणतन्त्र नेपालको पहिलो राष्ट्रपति बन्नोस् भनेर सुर्‍याए, अवैध तरिकाले गणतन्त्र कार्यान्वयन गर्न उक्साए । यथार्थमा नेपालको राजतन्त्र किनारा लगाउने काम नेपाली कांग्रेसले गर्‍यो । प्रचण्डले नै कांग्रेसलाई धोका दिए । तर कांग्रेस प्रचण्डजस्ता माओवादीलाई लिएर राजनीति गरिरह्यो । जसको परिणाम वर्तमान नेपालको दुरावस्था हो ।

२००७ सालमा राजा त्रिभुवन भारत निर्वासनबाट फर्कदा एयरपोर्टमा मोहनशमशेर पनि साथै आएका थिए । जनताको भीड देखेर राजाले राणाप्रतिको जनाक्रोशलाई समन गर्न हात उठाएर जनतालाई संकेत गरेका थिए, जसका कारण राणा बचे ।

जेनजी आन्दोलनपछि राजनीति हारेका, जनविश्वास हारेका शेरबहादुर देउवा जो आफूलाई वीपीका सच्चा अनुयायी ठान्छन्, उनी वर्तमान कालखण्डमा २००७ सालका मोहनशमशेरको हालतमा छन् ।

शायद त्यसैले ५ महिना उपचारका नाममा सिंगापुरतिर निर्वासनमा रहेका देउवा स्वदेश त फर्किए, आफ्नो गुटको भेला गराएर सम्मेलनको नाम दिंदै समापन कार्यक्रममा देउवा गर्जिए, जनताले सुन्नेगरी गर्जिए, ९४ प्रति ॐकार परिवारले सुन्नेगरी गर्जिए- म हिन्दू हुँ ! म हिन्दू हुँ । बहिनीको बिहे गर्नलाई हिन्दू परम्परा अनुसार व्रतबन्ध गरेर जनै लगाएको हुँ । बाँकी निर्णय जनताको हातमा छ ।

अर्थात् देउवाले हिन्दु हुँ भनेर कुर्लिएपछि एमाले, नेकपा, गणतन्त्रवादी खेमामा भुइँचालो गएको छ । कांग्रेसले धर्मनिरपेक्षता छाडेको अर्थमा उनीहरूले कांग्रेसमाथि प्रश्न गर्न थालेका छन् ।

धेरै पहिले नै अधिकांश महाधिवेशन प्रतिनिधिहरूले तत्कालीन सभापति देउवासमक्ष हिन्दुराष्ट्र हुनुपर्ने माग गरेका थिए । कति कांग्रेसी नेताहरूले त अहिले पनि राजतन्त्र र हिन्दूराष्ट्रको पक्षमा अभिव्यक्ति दिइरहेका छन् । कांग्रेसी नेताहरूकै चिट पाएपछि बोल्दा बोल्दै सभापति देउवाले म हिन्दू हुँ, हिन्दु हुँ भने चिच्याएका थिए । देउवाको अभिव्यक्ति पछि बालेन सरकारले संशोधन गर्न लागेको संविधानमा सनातन हिन्दू राष्ट्र हुनसक्ने भनेर धर्मनिरपेक्षतावादीहरू झस्किएका हुन् । तर देउवाले हिन्दू राष्ट्र हुनुपर्छ भनेका छैनन् । कांग्रेस इतर सम्मेलनमा देउवाले के भने ?

*एउटा साथीले लेख्नुभएको छ- सनातन हिन्दू राज्यबारे केही बोल्दिनु पर्‍यो, बोल्दिनु पर्‍यो भनेर । सबै साथीहरूको इच्छा छ । मैले बोल्ने कुरा त धेरै छैन तर म हिन्दू हुँ । म हिन्दू हुँ । मेरो व्रतबन्ध हिन्दू अनुसार भएको हो । मेरो बहिनीको बिहे बिहे गर्नलाई व्रतबन्ध गरेर जनै लगाएको हुँ । त्यसपछि बिहे पनि गुह्वेश्वरीमा गरेको, हिन्दू रीतिरिवाज अनुसार । त्यसकारण म व्यक्तिगत रूपमा पूरा हिन्दु हुँ हेर्नुस् । मलाई कसैले मलाई हिन्दु होइन भन्न सक्दैन । नेपाल के हुने के नहुने भन्ने कुरा त नेपाली जनताको हातमा छ । नेपाली हिन्दुलाई 'हिन्दू हुन पाउँदैनस्' भन्न चाहिँ पाइँदैन । म हिन्दु हुँ, हिन्दू हुँ, हिन्दू हुँ ! पशुपतिमा जान्छु म, पशुपतिमा पूजा गर्छु । पर्सी पशुपति जाने मन छ मलाई । त्यसकारण मैले के भनिसकेँ भने म हिन्दू हुँ, हिन्दु हुँ, हिन्दु हुँ !* देउवाले बुद्धप्रति श्रद्धा व्यक्त गर्दै बुद्धिज्मलाई त साइन्टिफिक रिलिजन मानेका बताएका थिए । देउवाले नेपाल अप्ठ्यारो अवस्थामा रहेको बताउँदै अदालतप्रति सम्मान प्रकट गरे ।

विशेष अधिवेशनबाट सभापति बनेका गगन समूहलाई निर्वाचन आयोग र अदालतले समेत मान्यता दिएपछि फागुन २१ को निर्वाचनमा होमिएको कांग्रेसले नराम्रो पराजय भोग्य । यतिबेला कांग्रेस दुई कित्तामा छ, गगन र देउवा । यीमध्ये कुन आधिकारिक, सर्वोच्चमा पुनरावलोकन हुँदैछ । जब पुनरावलोकन फैसला आउला, त्यतिबेला कांग्रेस एक होला । तथापि वीपीको मेलमिलाप र वीपीको प्रजातन्त्र, राष्ट्रवाद र राजतन्त्रको त्रिखुट्टी नीति नै निर्वाचनबाट बेहोस् भइसकेको कांग्रेस बौरिने एकमात्र राजनीतिक सूत्र देखिएको छ ।

सम्भवतः जेनजी आन्दोलनमा पिटिनुपरेको, लामो समय विदेशिनु परेको र अहिले पनि सार्वजनिक रूपमा उभिन नसक्ने स्थितिमा पुगेको विषयले देउवालाई लज्जावोध र हिनतावोध भएको हुनुपर्छ । यसकारण उनी हिन्दुराष्टको पक्षमा उभिन पुगेको ठानिएको छ । हिन्दुराष्ट्र पुनर्स्थापना भयो भने राजतन्त्र स्वतः स्थापित हुनेछ र नेपाली कांग्रेसका पक्षमा जनसमर्थन पुनः फर्कनसक्नेछ । कांग्रेसभित्रका धेरै युवा र पुराना नेताहरूसमेत रास्वपा प्रवेश गरिसकेका छन् । कारण एउटै थियो- नेतृत्वको पुस्तान्तरण र हस्तान्तरण ।

विश्लेषक पुरञ्जन आचार्यले कांग्रेस वीपीको सिद्धान्त, नीति र निष्ठामा फर्कनैपर्छ, तव कांग्रेस पुनर्जिवित हुनेछ । अदालत र कुन सही कांग्रेस भनेर पौंठेजोरी खेल जुन भइरहेको छ, यसले कांग्रेसलाई अझ दयनीय बनाउने पक्का छ । सबैभन्दा राम्रो के हुन्छ भने कांग्रेसीहरू एकैथलोमा बसुन्, आत्मसमीक्षा गरून् र वीपी नीतिमा फर्कुन् । यति भयो भने कांग्रेसप्रतिको जनाधारको जुन कडी खुस्किन पुगेको छ, त्यो जोडिन सक्छ । प्रश्न छ, वीपी नीतिमा फर्कने कि भष्मासूर झैं कांग्रेस सिध्याउने ?

## देउवा समूहले १५औं महाधिवेशन गर्ने

देउवा समूहको भेला, भेलालाई सम्मेलनको स्वरूप दिएपछिको निष्कर्ष छ- सभापति शेरबहादुर देउवाकै नेतृत्वमा १५औं महाधिवेशन गर्ने, यसका लागि शशांक कोइरालाई संयोजक तोकिएको छ । अदालतको फैसला कहिले आउने र आधिकारिकता प्राप्त हुने ? प्रश्नका वीच संस्थापनका सभापति गगन थापा समूहलाई अन्यायी सावित गर्न वीपीका अनुयायी देउवाको नेतृत्व र वीपी पुत्र शशांकको संस्थापन इतरको महाधिवेशनको संयोजक हुनु वीपी नीति विपरित भएको विश्लेषण भइरहेको छ । धेरैले यो स्थितिलाई कांग्रेसभित्र अर्को नाटक मञ्चन र कर्मकाण्ड सुरू भएको अर्थमा पनि हेरेका छन् ।

देउवा समूहको सम्मेलनले ५ निर्णय गरेको छ- १. देउवाकै नेतृत्वमा १५औं महाधिवेशन गर्ने, पार्टी एकतावद्ध पार्ने । २. मेलकिलापको नीतिलाई ध्यानमा राखेर लोकतन्त्रवादी शक्तिहरूसँग संवाद गरी लोकतन्त्र सुदृढ पार्ने, ३. सनातन धर्मलाई राष्ट्रको पहिचानका रूपमा अघि बढाउने, ४. वर्तमान संविधानमा जनअपेक्षा बमोजिम आवश्यक संशोधन गर्न सबैसँग संवाद गर्ने र ५. २०८३ साउन ३० र ३१ गते भएको राष्ट्रिय सम्मेलनको लेख्ने जिम्मेवारी उमाकान्त चौधरी, सीता राना, मीन विश्वकर्मा र दीपक कुइँकेललाई दिने ।

## ज्ञानेन्द्रजस्तो त्यागी



राज्यसत्ता र सम्पूर्ण बर्चस्व नै त्याग गरेर नागरिक हुनसक्ने र नआत्तिने, सिद्धान्तनिष्ट राजनैतिक चरित्र बोकेको र सहनशील व्यक्ति ज्ञानेन्द्र शाह हुन् । राष्ट, जनता र धर्म संस्कृतिका लागि निरन्तर लागिरहने राजा ज्ञानेन्द्र जस्तो त्याग कसैले गर्न सक्दैन ।

सत्ता र कुर्सीका लागि वामपन्थी, दक्षिणपन्थी, पजातान्त्रिक जे पनि बन्न सक्ने प्रचण्ड, ओली, देउवामा राजाको जस्तो त्याग कहाँ छ र ? नेकपाका महासचिव विप्लव यसरी चर्चा गर्दै गरेको पनि देखियो, सुनियो ।

राजनीतिलाई राजनीति र सत्यलाई सत्य बोल्नसक्ने क्षमता भएका विप्लवले राजाको त्याग र बलिदानको पनि मूल्याङ्कन गर्नु ठूलै कुरा मानिएको छ ।

## ढकालको फाइलको शल्यकृया सुरू भयो



सिङ्गो राजनीतिक खेमालाई हत्केलामा नचाएका चन्द्र ढकालले चन्द्रागिरी केबुलकारका लागि ३६ हेक्टर राष्ट्रिय वन कौडीको भाउमा लिजमा लिएको विषय यतिबेला चर्चामा छ ।

बालमन्दिर, बालुवाटारदेखि काठमाडौंको चन्द्रागिरि डाँडोको फाइल प्रम बालेन साहले अनुसन्धान गराइरहेको खुलेको छ । चन्द्रागिरिको डाँडाको फाइलको शल्यकृया भइरहँदा त्यो फाइल रोक्न ढकालसँग लाभ लिएका तत्कालीन प्रम झलनाथ, खिलराज, केपी, पचण्ड, माधव, वावुराम र शेरबहादुर देउवासम्म झस्किएका छन् र त्यो फाइल नखोल्न दबाब दिएका छन् । ढकाललाई जोगाउन सक्लान् र ?







राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
Gorkha Express Weekly
मंगलबार Tuesday
२०८३ भदौ २, Aug 18, 2026



# युवा उमेर होइन, सम्भाबना हो




*-क्षितिज विक्रम खनाल*

*अन्तर्राष्ट्रिय युवा दिवस । संसारका धेरै देशमा यो दिन युवाको अधिकार, सम्भावना, शिक्षा, रोजगारी र भविष्यबारे कुरा गरिन्छ । नेपालमा पनि हरेक वर्ष युवा दिवस आउँछ, शुभकामना आदानप्रदान हुन्छ, कार्यक्रम हुन्छन् र युवाका लागि सरकारले गरेका कामको चर्चा हुन्छ । तर यसपटकको युवा दिवसलाई केवल एउटा औपचारिक दिवसका रूपमा मनाएर पुग्दैन । किनकि नेपालका युवाले पछिल्ला वर्षमा केवल आफ्नो भविष्यबारे प्रश्न गरेका छैनन्, उनीहरूले राज्य र राजनीतिलाई नै प्रश्न गरेका छन् । यही प्रश्नको एउटा ठूलो अभिव्यक्ति Gen–Z आन्दोलनमा देखियो र त्यसैबाट बनेको नयाँ राजनीतिक परिस्थितिले अन्ततः युवा नेतृत्वको सरकारलाई जन्म दिएको छ । अब प्रश्न पहिलेको जस्तो छैन । पहिले हामी सोध्थ्यौँ, “युवाका लागि सरकारले के गर्नुपर्छ ?” आज प्रश्न अझ गम्भीर छ, “युवा नेतृत्वमा सरकार बनेपछि युवाका लागि वास्तवमै के परिवर्तन हुँदैछ ?”*

*नेपालको सबैभन्दा ठूलो विडम्बना यही हो । हाम्रो देशमा युवा छन्, तर अवसर पर्याप्त छैन । विश्वविद्यालय छन्, तर पढाइ र रोजगारीबीच दूरी छ । तालिम छन्, तर तालिमपछि काम कहाँ गर्ने भन्ने स्पष्ट छैन । बैंकमा कर्जा छ, तर नयाँ उद्यमीका लागि सहज पहुँच छैन । खेत छ, तर किसानले उत्पादनको उचित मूल्य पाउने सुनिश्चितता छैन । पर्यटनको सम्भावना छ, तर त्यसलाई व्यवसायमा बदल्ने पूर्वाधार र बजार कमजोर छ । र, सबैभन्दा ठूलो कुरा, युवासँग ऊर्जा छ, तर त्यो ऊर्जा प्रयोग गर्ने दिशामा राज्य अझै स्पष्ट देखिँदैन ।*

*रेमिट्यान्स हाम्रो अर्थतन्त्रको महत्वपूर्ण आधार त बनेको छ । तर विदेशमा नेपाली युवाले पसिना बगाएर कमाएको पैसा नेपालमा मुख्यतः उपभोग र आयातमै खर्च भइरह्यो भने त्यसले हाम्रो वर्तमान त धान्ला, भविष्य बनाउँदैन । विदेशबाट आएको पैसाले घर बनाउन सकिन्छ, तर उद्योग बनाउन सकिएन भने रोजगारी सिर्जना हुँदैन । विदेशबाट आएको पैसाले गाडी किन्न सकिन्छ, तर उत्पादनमूलक क्षेत्रमा लगानी भएन भने अर्को पुस्तालाई पनि विदेशकै बाटो देखाउनुपर्ने हुन्छ ।*

*त्यसैले आज सरकारको प्राथमिकता “युवा विदेश नजाऊ” भन्ने हुनु हुँदैन । युवालाई विदेश जानबाट रोक्न सकिँदैन, रोक्नु पनि हुँदैन । मानिसलाई आफ्नो भविष्यका लागि अवसर खोज्ने अधिकार छ । राज्यले गर्नुपर्ने काम भनेको नेपालमै पनि भविष्य बनाउन सकिन्छ भन्ने विश्वास र आधार निर्माण गर्नु हो ।*

*त्यसैले Gen–Z आन्दोलनलाई एउटा पुस्ताको क्षणिक आक्रोश मात्र भनेर बुझ्नु उचित हुँदैन । यो लामो समयदेखि जम्मा हुँदै आएको निराशाको विस्फोट थियो । आन्दोलनले नेपालको राजनीतिलाई एउटा स्पष्ट सन्देश दियो, नयाँ पुस्ता अब केवल चुनावमा मत हाल्ने पुस्ता भएर बस्न तयार छैन ।*

*त्यसपछि नेपालको राजनीतिमा आएको परिवर्तनले बालेन्द्र शाहलाई प्रधानमन्त्रीको जिम्मेवारीमा पुऱ्यायो । युवा पुस्तामाझ स्थापित छवि भएका बालेनको प्रधानमन्त्री बन्नु आफैँमा एउटा महत्वपूर्ण राजनीतिक संकेत थियो । लामो समयदेखि शासनमा रहेको पुस्ताको ठाउँमा तुलनात्मक रूपमा युवा नेतृत्व आउनु पुस्तान्तरणको संकेत हो । तर यहाँबाट एउटा ठूलो भ्रमबाट बच्नुपर्छ ।*

*प्रधानमन्त्री युवा हुँदैमा सरकार युवामैत्री हुँदैन ।*

*युवा हुनु एउटा उमेर हो । युवामैत्री हुनु एउटा नीति हो । युवा नेतृत्व हुनु एउटा राजनीतिक पहिचान हो । युवाको भविष्य बदल्ने नीति बनाउनु शासनको परीक्षा हो ।*

*त्यसैले अब बालेन सरकारको मूल्याङ्कन प्रधानमन्त्री कति वर्षका छन् भनेर होइन, नेपाली युवाको जीवनमा के परिवर्तन आयो भनेर हुनुपर्छ ।*

*तर एउटा कार्यविधि बनेर मात्र युवाको जीवन बदलिँदैन । अन्ततः प्रश्न यही हो, त्यसबाट कति युवाले काम पाए ? कति युवाले व्यवसाय सुरू गरे ? सुरू गरेका व्यवसायमध्ये कति टिके ? कति युवाको आम्दानी बढ्यो ? यी प्रश्नको जवाफ तथ्याङ्कले दिनुपर्छ । युवा स्वरोजगारका नाममा नेपालमा यसअघि पनि धेरै कार्यक्रम आए । ऋण बाँडियो, तालिम दिइयो, अनुदान दिइयो । कति युवाले अरूलाई समेत रोजगारी दिए ? अब नयाँ सरकारले त्यही पुरानो बाटो दोहोर्याउनु हुँदैन ।*

*यही कारणले अब नेपालको युवा नीति “सरकारले के दिने ?” भन्ने प्रश्नमा होइन, “युवाले के सिर्जना गर्न सक्छ ?” भन्ने प्रश्नमा आधारित हुनुपर्छ ।*

*विदेशबाट फर्किएका युवाका विषयमा पनि नयाँ सोच आवश्यक छ । विदेशबाट फर्किएको युवालाई हामी प्रायः रोजगारी गुमाएर फर्किएको व्यक्तिका रूपमा हेर्छौं । वास्तवमा ऊ अनुभव लिएर फर्किएको हो ।*

*त्यसैले सरकारले विदेशबाट फर्किएका युवाको सीप र अनुभवको व्यवस्थित अभिलेख राख्नुपर्छ । Returnee Youth Database बनाउन सकिन्छ ।*

*युवा नीति रोजगारीमा मात्र सीमित हुनु पनि हुँदैन । Gen–Z पुस्ताले सुशासन र जवाफदेहिता पनि मागेको छ । एउटा युवा जागिर पाएर मात्र सन्तुष्ट हुँदैन, उसले राज्य निष्पक्ष छ कि छैन भन्ने पनि हेर्छ । उसको साथी योग्यता भएर पनि अवसर नपाएर राजनीतिक पहुँच भएका मानिस अघि बढेको देख्छ भने उसमा निराशा पैदा हुन्छ । त्यसैले योग्यताको सम्मान, पारदर्शी नियुक्ति, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक संस्थामाथिको विश्वास निर्माण पनि युवामैत्री राज्यका आधार हुन् ।*

*राजनीतिमा पनि यही कुरा लागू हुन्छ ।*

*Gen–Z आन्दोलनले यही संस्कारमाथि प्रश्न गरेको हो । त्यसैले नयाँ सरकारले युवालाई केवल मन्त्री वा सांसद बनाउने होइन, नीति निर्माणको प्रक्रियामा वास्तविक साझेदार बनाउनुपर्छ । शिक्षा, रोजगारी, प्रविधि, पर्यटन, कृषि, वातावरण र डिजिटल अर्थतन्त्रका नीतिमा युवा विज्ञ र उद्यमीको प्रत्यक्ष सहभागिता हुनुपर्छ ।*

*यही ठाउँमा बालेन सरकारसँग जनताको अपेक्षा अरू सरकारभन्दा बढी छ ।*

*यदि नयाँ नेतृत्वले पनि पुरानै शैलीमा भाषण गर्ने, कार्यक्रम घोषणा गर्ने तर परिणाम नदिने हो भने निराशा अझ गहिरो हुनेछ । अबको युवा नीति कस्तो हुनुपर्छ भन्ने कुरा धेरै जटिल छैन । युवालाई बजारमा बिक्ने सीप चाहिन्छ । सीपलाई रोजगारीसँग जोड्नुपर्छ । रोजगारी नपाउनेलाई उद्यमको अवसर दिनुपर्छ । उद्यम गर्नेलाई पूँजी र बजार दिनुपर्छ । विदेशबाट फर्किनेलाई अनुभवअनुसार अवसर दिनुपर्छ । नेपालमै बसेर विश्व बजारमा काम गर्न चाहनेलाई पूर्वाधार दिनुपर्छ । र सबैभन्दा माथि, राज्यले योग्यता र मेहनतको सम्मान गर्छ भन्ने विश्वास दिनुपर्छ ।*

*अन्ततः युवा भनेको उमेरको एउटा कोटि मात्र होइन ।*

*देशको दुर्भाग्य के हो भने हामीसँग युवा धेरै छन्, तर उनीहरूलाई प्रयोग गर्ने दृष्टि कमजोर छ र हाम्रो सौभाग्य के हुन सक्छ भने यही युवा शक्ति अझै समाप्त भएको छैन । उसमा ऊर्जा छ, सिक्ने इच्छा छ, संसार बुझ्ने क्षमता छ र देश बदल्न सकिन्छ भन्ने विश्वास पनि छ । जेनजीआन्दोलन त्यसैको एउटा प्रमाण थियो ।*

# छोरीलाई दिने शिक्षा, छोरालाई पनि दिऔं



**देवी काफ्ले–**

नेपालमा बलात्कारका घटनाहरू न्यून हुनुको साटो झन् झन् बढ्दै गइरहेको बिभिन्न तथ्यांकले देखाएको छ ।ऐले त झन् दैनिक जसो बलात्कारका घटनाहरू सुनिन्छन् । अझ सामूहिक बलात्कारका घटना झन् बढ्दो रूपमा मौलाएको जस्तो देखिन्छ ।उमेरको त हद नै छैन । सात महिनाको बच्ची देखी सतहत्तर बर्षका बृद्धा समेत बलात्कारको शिकार बनेकाछन् ।

छोरीहरूको सुरक्षित स्थान कहां हो थाहा नै छैम । आफ्नै जन्मदिने बाउसंग सुरक्षित छैनन् । स्कूल,कलेजमा अनेक प्रकारबाट प्रताडित छन् । संसारमा सबैभन्दा मान्यजन भनेका मातापिता, गुरू हुन् भनिन्छ तर आजकलका केही गुरूहरू गोरू बनेकाछन् ।



बहिनीको रक्षार्थ मुठी उठाउने दाईभाईबाट असुरक्षित छन् दिदीबहिनीहरू । आफ्नो यौनप्यास मेटाउन दिदीबहिनीको शरीर च्यात्ने दाजुभाईका काला करतुत मिडियामा छरपष्ट छन् । आफन्तहरू-काका,मामाबाट पनि नानीहरू लुछिएका छन् । छिमेकीबाट बलात्कार गर्ने र मारेर फालेका घटनाहरू त कति हो कति ।धार्मिक क्षेत्र,मन्दिरका पुजारी, कथावाचक पण्डितहरूबाट पनि यस्ता कुकृत्यको पर्दाफास भएका छन् । अब सोचनिय बिषय यो छ की छोरीको लागि सुरक्षित स्थान कहां हो?घरबाट खेल्न,स्कूल पढ्न,छिमेकीकहाँ जांदा घरमा सकुशल फर्ने टुंगो छैन । घरमा बस है भनेर काममा गएर आउंदा छोरी सकुशल हुन्छे वा हुन्ने टुंगो छैन । लाग्छ चारैतिर नंग्रा फिंजाएर छोरीको शरिर च्यात्न तम्तयार छ अपराधी । सबैभन्दा जोखिमपूर्ण घटना घरपरिवार वा नजिकका आफन्तहरूबाट नै घटेकाछन् । परिवार तथा बालबालिकाका केही यस्ता बिशेषता हुन्छन् जसले बाल यौन दुर्ब्यावहारलाई निकै बढाउने काम गर्छ । फोन इन्टरनेटले गर्दा यस्ता कृयाकलाप बढी हुने गर्दछ । लुकेर अश्लिल भिडियोहरू देखाउनु,यौनजन्य कुराहरू गर्नु,अस्वभाविक रूपले शरिरमा छुनु जस्ता कृयाकलापले घटनाहरूको बढोत्तरी हुने गर्दछ ।

परिवारको कारण धेरै बालबालिकाहरू यौन शोषणमा परेको हुन्छन् । बाबाआमासंगै बस्ने बालबालिकामाथी यस्ता घटना कम हुन्छन् ।सौतेनी आमा वा सौतेनी बाउसंग बस्ने, संरक्षण केन्द्रहरूमा बस्ने वा आफन्त पर्नेहरूकहाँ बस्ने बालबालिका धेरै नै यौनहिंसाको शिकार बन्छन् । यस्ता घटनाहरू हामीले दैनिक सुन्दै र हेर्दै आएका छौं । ऐलेको अवस्थामा त धार्मिक संरक्षण संस्थाहरूमा पनि बालिकाहरू यौनहिंसामा परेका घटनाहरू बाहीर आइरहेका छन् । यो देखिएका घटना तथ्यांकले आफ्ना जैविक बाआमासंग बस्नेहरू भन्दा दश गुणा धेरै अरूसंग बस्ने बालिका शिकार बनेकाछन् । हामीले सुनेका वा देखेका यस्ता घटनाहरू ७ बर्ष देखी १३ बर्षका बालिकाहरूमा अत्याधिक धेरै भएको पाइन्छ । यस प्रकारका घटनाहरू घट्नुमा उमेर पनि केही हदसम्म कारक तत्व हो । ६ बर्षको बच्चाहरूमा मिठाई चकलेटको लोभ त हुन्छ नै त्सको फाइदा सजिलै गलत ढंगले उठाउँछ अपराधीले । बिशेषत सचेत हुनुपर्ने कुराहरूमा अभिभावकको लापरवाही पनि केही कारक तत्व हो । सहजै विश्वास गर्नु, निसंकोच गलत धारणा बोकेको मान्छेसंग नजिक हुनु, उसको आशयलाई बेमतलव गर्नु आदी ।

गलत दृष्टिकोण लिएर हिंडेका पिपासुहरूले बालिकालाई देख्नासाथ लोभलालच देखाउने, अनावस्यक मायाको नाटक गर्ने,आफ्नै मान्छे हो भन्ने भ्रम छरिदिने,शरिर बिनाकारण सुम्सुम्याइदिने अनेक प्रकारले आफ्नो नजीक बनाउँदै जान्छ । मौकाको खोजीमा रहेको त्यस्तो ब्यक्तिले ठाउं नियाली रहेको हुन्छ ।उपयुक्त ठाऊं पाउनासाथ शिकार गर्छ । पाकिस्तानको करांची शहरमा हालसालै घटेको ऐजल काण्ड यसरी नै घटेको थियो । अठार महिनाकी बच्चीलाई बहिनी भनेर खेलाउने आफन्त केटाले नै दुष्कर्म गरेर मार्यो । यस्ता घटनाहरू जहां पनि घट्न सक्छन् त्यसैले नानीहरूलाई अरूको काखमा सुरक्षित नदेख्ने गरौं । केही महिना अगाडी भारतको राजस्थान जयनगरमा एकजना तेह्र बर्षकी नानीलाई बत्तिस जना दरिन्दाले पांचदिनसम्म रेप गरे । अटो वालाले घर पुर्याईदिने भनेपछी उनी अटोमा बसेकी थिइन् । त्यसपछी होटलमा बन्धक बनाएर लगातार बलात्कार गरे । सम्झना कामी, गुलाब खातुनहरू बलात्कार पछी मारिए ।यत्रो घटनाहरू सुनेपछी पनि हाम्रो होस किन खुल्दैन ?

अभिभावकहरू सचेत नहुने हो भने यस्ता घटनामा अझ तिब्र बढोत्तरी हुनेछ । बलात्कारमा सामेल प्राय जसो कच्चा उमेरका केटाहरू हुने हुनाले जुन शिक्षा हामी छोरीलाई दिन्छौं त्यो शिक्षा छोरालाई पनि दिने गरौं ।रात आफ्नो होइन भन्ने कुरा छोरालाई पनि सिकाउने गरौं । केटीहरू वा साना नानीहरूसँग नजिक हुनुहुँदैन भनेर सिकाउने गरौं ।अर्कालाई बिना कारण दुख दिनुहुदैन, अर्काको पिडामा हास्न हुदैन, तिमीबाट गल्ती भयो भने कुलको ईज्जत जान्छ भनेर सिकाऔं । नराम्रो कर्मको फल नराम्रै भोग्नुपर्छ भनेर सिकाऔं । अर्काको घरमा जानु हुदैन भनेर सिकाऔं ।केटीहरूसंग जिस्किनु हुदैन भनेर सिकाऔं । जे जे जति छोरीलाई अर्ति दिने गर्छौं ती सबै अर्ति छोरालाई पनि दिने गरौं ।

छोराछोरी स्कूल जाँदा आउंदा प्रयोग गर्ने बाटोमा निगरानी गरौं । होम ट्युशन राख्दा ढोका खुला राखेर पढाउन भन्नुस् । आफन्त भनेर आएकाहरू सबै खराब हुंदैनन् तैपनि उनीहरूको ब्यावहारमा पनि निगरानी गरौं । कसैले बिना सर्त सहयोग गरेको छ भने पनि सचेत रहनुस् । घरका छोरी साना हुन् वा ठूला आमाको काख बाहेक सुरक्षित छैनन् ख्याल गर्नुस् । छोरी बचाउन गाह्रो समय आइसक्यो । छोरा र छोरीलाई नैतिकशिक्षाको कमी भएको छ, सरकारले पनि सोचोस् ।

# मुगु पहिरो पीडितलाई राहत




रतन बहादुर रावल, मुगु--

मुगुको मुगुम कार्मारोङ गाउँपालिका-५ स्थित पुलु बजारमा पहिरोबाट प्रभावित तथा जोखिममा परेका परिवारलाई मंगलबार एक औपचारिक कार्यक्रमका बीच राहत सामग्री वितरण गरिएको छ । महिला अधिकार केन्द्र मुगु र टेवा को आर्थिक सहयोग एवं प्राविधिक समन्वय तथा मुगुम कार्मारोङ गाउँपालिकाको आयोजनामा सो राहत हस्तान्तरण गरिएको महिला अधिकार केन्द्र मुगु अध्यक्ष सुखमाया शाहीले बताउनु भयो ।

गत साउन ८ गते शुक्रबार राति आएको पहिरो को कारण पुलु बजारमा ठूलो भौतिक क्षति पुगेको थियो । सोही विपत घटनामा परी छायाँनाथ रारा नगरपालिका-१३, तिर्प गाउँ स्थायी घर भई हाल पुलु बजारमा होटल व्यवसाय गर्दै आएका जगनाथ बढुवालका ३ वर्षीय छोरा रमेश बडुवालको दु:खद निधन भएको थियो ।


पहिरोबाट प्रभावित बनेका मुगम कार्मारोङ गाउँपालिका वडा नं५ पुलु बजारका ९ घरपरिवारलाई तत्काल राहत स्वरूप प्रतिपरिवार लाई एक बोरा चामल, दाल खाने तेल, र चिउरा लगायतका अत्यावश्यक खाद्य सामग्रीहरू उपलब्ध सँगै लत्ता कपडा फाइबर डसना सिरक खोल समेत उपलब्ध गराइ गराइएको छ ।

विपद्को घडीमा पीडित परिवारको घाउमा मलम लगाउने उद्देश्यले पहिरोमा छोरा गुमाएका जगनाथ बडुवालको परिवारलाई खाद्यान्न र लत्ताकपडाका साथै नगद सहयोग समेत प्रदान गरिएको छ । महिला अधिकार केन्द्रकी अध्यक्ष शाहीले बताउनुभयो यसैगरी, पहिरोले पूर्ण रूपमा घर भत्किएर विस्थापित भएका पेमा छेन्जोक तोर्चे तामाङ र पेमा सांगे तामाङको परिवारलाई तत्काल रात काट्न सहज होस् भन्ने हेतुले एक-एक थान फाइबर तन्ना एक थान ब्लाङ्केट वितरण गरिएको बताउनु भयो

विपद्को समयमा सरकारी तथा गैरसरकारी संस्थाहरूको यो सक्रियताले पीडित परिवारलाई ठूलो राहत मिलेको स्थानीय बासिन्दाहरूले बताएका छन् ।

भौगोलिक विकटता र एक दिनको पैदल यात्रा हिँडेर राहत सामग्री पीडितको घर आँगनमा पुऱ्याएपछि पीडित निकै खुसी भएका छन् । बर्खायाम म सडक राम्रो छैन अझ भनौं हाम्रो गाउँपालिका त सडक सञ्जालमा पनि जोडिएको छैन । यस्तो कठिनाइका बावजुद पनि हाम्रै घर आगनमा राहत ल्याएर पुगेकोमा हार्दिक आभार व्यक्त समेत गरेका छन् ।

# सडक सञ्जालको १२ वर्ष: कर्णालीको भेल र कडा चट्टानबीच सडक बन्दैछ उपल्लो मुगुतिर



रतन बहादुर रावल-

विकट हिमाली जिल्ला मुगु राष्ट्रिय सडक सञ्जालमा जोडिएको करिब एक दशक भइसकेको छ । वि.सं. २०६९ साल पुस १ गते तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले गमगढी-नाग्मा सडकखण्डको औपचारिक उद्घाटन गरेपछि मुगुबासीमा विकासको नयाँ आशा पलाएको थियो । तर, सडक सञ्जाल खुलेको १२ वर्ष बितिसक्दा पनि उपल्लो मुगुको मुगुम कार्मारूङ गाउँपालिका म बसोबास गर्न जन्ताका लागि भने ‘गाउँमै गाडी चढ्ने’ सपना अझै आकाशको फल जस्तै छ ।

भौगोलिक विकटता, कडा चट्टान भूगोल कठोर पहाड र मुनि उर्लिरहेको कर्णाली नदीको भेलका कारण यस क्षेत्रको अवस्था अझै पनि दयनीय छ । मुगुम कार्मारूङ गाउँपालिकाका कैयौं बस्तीहरू आजका दिनसम्म पनि सडक सञ्जालबाट पूर्ण रूपमा विमुख छन् । चीनको सिमाना जोड्ने सामरिक महत्त्वको रूप हेरिएको ना[illegible] शुरू कक्षादेखि नै सिक[illegible]जन्य घटना रोक्न तपाई हामी[illegible]सम्म गाडी पुगे पनि त्योभन्दा माथिल्लो क्षेत्रका बासिन्दाका लागि दु:खका दिन सकिएका छैनन् । छाइल बजारबाट माथिका गाउँहरूमा जान अझै पनि कैयौं घण्टाको पैदल यात्रा गर्नुपर्ने बाध्यता छ । दैनिक उपभोग्य सामग्री, खाद्यान्न तथा आकस्मिक स्वास्थ्य सामग्री ढुवानीका लागि स्थानीयहरू अहिले पनि परम्परागत खच्चडकै भर पर्न विवश छन् । पिठ्युँमा भारी बोकेर कठोर यात्रा गर्नु यहाँका नागरिक को नियति नै बनेको छ ।

**अवरोध र अभावबीच काम जारी**

तिब्बतको सिमानासम्म सडक पुऱ्याउने लक्ष्यका साथ निर्माण कार्य भने ठप्प भएको छैन । तर, कडा चट्टान फोर्नुपर्ने प्राविधिक चुनौती, भौगोलिक संवेदनशीलता र बर्खायाममा हुने लगातारको बाढी-पहिरोले सडक निर्माणलाई कछुवाको गतिमा धकेलेको छ । बर्खामा बाटो अवरूद्ध हुने र मेसिनरी सामानका लागि इन्धन (तेल) आपूर्तिमा आउने निरन्तरको समस्याका बाबजुद पनि भिरपहरा खन्ने काम भइरहेको छ ।

**कहिले सम्म बन्ला सडक ?**

कडा चट्टान र कठोर यात्राको पर्खाइमा रहेका मुगुम कार्मारूङ गाउँपालिकाका स्थानीयहरूले “आफ्नै गाउँघरको आँगनमा कहिले गाडी देख्न पाइएला?“ भन्दै प्रश्न गरिरहेका छन् । राष्ट्रिय सडक पुगेको यति लामो समय भइसक्दा पनि राज्यको नजर उपल्लो मुगुको यो दु:खमा पर्न नसक्नु विडम्बनापूर्ण छ । कर्णालीको सुस्केरा र कडा चट्टानको बाधालाई चिर्दै उपल्लो मुगुमा कहिले सडकको उज्यालो पुग्छ, त्यो भने हेर्न बाँकी नै छ ।

# सापसको ५५औं वार्षिकोत्सवमा पाँच सर्जकहरू अभिनन्दित



सापसको ५५ औं वार्षिकोत्सवमा पाँच सर्जकहरू अभिनन्दित भएका छन् । अभिनन्दित हुनेहरूमा संस्कृतिविद् डा. पुरूषोत्तमलोचन श्रेष्ठ, चित्रकार प्रा. मदन चित्रकार, कवि ज्ञान उदास र कलाकारद्वय चैत्यदेवी सिंह तथा सन्तोष पन्त हुन् ।

संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख आमन्त्रित व्यक्तित्व नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका पूर्व कुलपति के. के. कर्माचार्य रहेका थिए । अन्य मञ्चासीन व्यक्तित्वहरूमा डा. पुरूषोत्तमलोचन श्रेष्ठ, प्रा. मदन चित्रकार, कवि ज्ञान उदास, कलाकारहरू चैत्यदेवी सिंह, सन्तोष पन्त, मदनदास श्रेष्ठ, इतिहासविद् प्रा.डा. सुरेन्द्र केसी, साहित्यिक पत्रकार संघका पूर्व अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ, समालोचक प्रमोद प्रधान तथा कवि दीपा राई पुन रहेका थिए ।

सभाका सभापति राधेश्याम लेकाली तथा प्रमुख आमन्त्रित व्यक्तित्व के.के. कर्माचार्यद्वारा दोसल्ला ओढाएर ढाका टोपी र फूलको माला लगाइदिएर अभिनन्दनपत्र समर्पण गरिएको थियो। सो अवसरमा व्यथित काव्य डायस्पोरा सम्मान २०८२ दीपा राई पुन (अमेरिका)लाई समर्पण गरिएको थियो ।

संघका अध्यक्ष राधेश्याम लेकालीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि संक्षेपमा प्रकाश पारेका थिए । वि.सं. २०२९ सालमा स्थापित साहित्यिक पत्रकार संघले विभिन्न जङ्घारहरू तर्दै आएको बताए । कहिले खोला, कहिले नदी र कहिले समुद्र पनि बनेको बताउँदै उनले संघले विभिन्न रचनात्मक कार्यहरू गर्दै आएको बताए । संस्थापक अध्यक्ष भवानी घिमिरेको स्मरण गर्दै उनले २०३८ सालदेखि कथा दिवस मनाउँदै आएको, २०६४ सालसम्म गाईजात्रा कार्यक्रमको आयोजना गरेको, हालसम्म धेरैजना स्रष्टाहरूको सम्मान, अभिनन्दन गरेको र हाल स्रष्टाहरूका कृतिहरूलाई अडियोमा ल्याउन थालेको बताए ।

समालोचक प्रमोद प्रधानद्वारा अभिनन्दित व्यक्तित्वहरूको संक्षिप्त परिचय दिइएको थियो । त्यसैगरी प्रमोद प्रधानले डा. श्रेष्ठ इतिहास, पुरातत्त्व तथा संस्कृति सम्बन्धी कार्यमा समर्पित रहेको बताए । प्राध्यापक सेवामा रहेका श्रेष्ठका कृतिहरू प्रशस्त रहेको बताउँदै अरूले नगरेको काममा उनले हात हालेको बताएका थिए ।



# हामी सबै नेपाली, हाम्रो नेपाल सार्वजनिक

'हामी सबै नेपाली, हाम्रो नेपाल' सार्वजनिक भएको छ ।

गायक तथा मोडल सबिन खड्काको आवाजमा राष्ट्रप्रेमको भाव बोकेको नयाँ राष्ट्रिय गीत 'हामी सबै नेपाली, हाम्रो नेपाल' सार्वजनिक भएको छ । समसामयिक परिस्थिति र राष्ट्रियताको गहिरो अनुभूतिलाई समेटिएको यस गीतले देशप्रतिको माया, एकता र जिम्मेवारीको सन्देश प्रवाह गरेको छ ।

गीतका शब्द स्वयं गायक सबिन खड्काकै हुन् भने संगीत चर्चित गायक तथा सर्जक बैकुण्ठ महतले तयार पारेका हुन्। गायनमा सबिन खड्कासँगै गायिका सुनितामी परियारको मधुर स्वरले गीतलाई थप भावुक र प्रभावशाली बनाएको छ ।





माया-प्रेमका गीतहरूको भीडबीच राष्ट्र र राष्ट्रियतालाई केन्द्रमा राखेर समयसापेक्ष सिर्जना ल्याउनु आफूलाई जिम्मेवारीपूर्ण लागेको गायक खड्काले बताएका छन् । उक्त गीत SK Entertainment Nepal युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

गीतको भिडियोमा नबिना सिलवाल र कमल जिसीको मुख्य अभिनय रहेको छ । साथै लोकप्रिय गायक मोतिराज खनाल, मिना बेलबासे, आशा ढकाल, स्मारिका खड्का, डिबी पाण्डे, मणि अधिकारी, धुर्व बस्नेत, रोशन घिमिरे, हरि आचार्य, पुष्पा शाह, मुकुन्द घिमिरे, गणेश पाण्डे लगायत कलाकारहरूको उपस्थिति अर्को आकर्षण बनेको छ ।

'द म्युजिक इरा' स्टुडियोमा रेकर्ड गरिएको गीतको रेकर्डिङ सुरज भुसालले गरेका हुन् भने मिक्सिङ कृष्ण बाजुरालीले गरेका छन् । भिडियो निर्देशन देवेन्द्र कुवरले गरेका हुन् र सम्पादन राजेश कुमारले गरेका छन् ।

सार्वजनिक भएसँगै गीतले दर्शक तथा श्रोताबाट सकारात्मक प्रतिक्रिया पाइरहेको गायक सबिन खड्काले जानकारी दिएका छन् । राष्ट्रप्रेम र एकताको भाव बोकेको यो गीतले नेपाली संगीत क्षेत्रमा अलग पहिचान बनाउने अपेक्षा छ ।




*२०८३ साउन ३० गते, प्रज्ञाभवन, काठमाडौंमा मन्जिला अनिलको -बुवाहजुर' महाकाव्य लोकार्पित भएको छ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टरले आज अनेसास नेपाल च्याप्टरका वरिष्ठ उपाध्यक्ष साहित्यकार मन्जिला अनिलद्वारा लिखित 'बुवाहजुर' महाकवि लक्ष्मीप्रसाद देवकोटामा आधारित आधिकारिक महाकाव्यको लोकार्पण भएको हो ।*

# सुरेशकुमार पाण्डेको झिल्का



झिल्का कवितासङ्ग्रह 'आँगन'को समीक्षा कार्यक्रम सम्पन्न भयो । झिल्काकार सुरेशकुमार पाण्डे हुन् । राप्ती साहित्य परिषद् दाङ शाखाको आयोजनामा सञ्चालन भएको उक्त कार्यक्रममा कृतिका सम्पादकसमेत रहनुभएका साहित्यकार एवम् झिल्का साहित्य समाज नेपालका अध्यक्ष वसन्त अनुभवले उक्त झिल्का काव्यकृतिको समीक्षा गर्नुभएको थियो ।

समीक्षाको क्रममा समीक्षक वसन्त अनुभवले आँगन एउटा पुस्तक मात्र नभएर सामाजिक, राजनैतिक, सांस्कृतिक चेतना ल्याउने महत्वपूर्ण दस्तावेज हो भन्नुभयो । आँगनले देशमा विद्यमान सामाजिक, राजनीतिक एवम् सांस्कृतिक कुरूपता मात्र नदर्शाई सुधारका लागि आह्वान पनि गरेको उहाँले बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि एवम् वरिष्ठ साहित्यकार उत्तमकृष्ण मजगैँयाले शुभकामना मन्तव्य दिनुहुँदै झिल्काकार पाण्डे बहुमुखी प्रतिभाको धनी भएको उल्लेख गर्नुभयो । पाण्डेका हरेक सृजना अत्यन्त गहन र मर्मस्पर्शी हुने गरेको बताउनुभयो । पाण्डेको अन्य कृतिहरूमा झैँ यस कृतिमा पनि वर्गसंघर्ष, विद्रोह र सामाजिक, राजनैतिक द्वन्द्व, चेतनाका कुरा रहेको उल्लेख गर्नुभयो ।

एउटा हिन्दी भाषाको सहित ३ वटा लघुकथासङ्ग्रह, २ वटा गजल सङ्ग्रह र एउटा झिल्का कवितासङ्ग्रह प्रकाशन गराइसक्नुभएका पाण्डेका थुप्रै संयुक्त सङ्ग्रहहरू प्रकाशित छन् । 'आँगन' उहाँको छैटौँ एकल कृति हो ।

कार्यक्रममा विशिष्ट अतिथि पुरूषोत्तम खनालले शुभकामना मन्तव्य राख्नुका साथै कृतिकार सुरेशकुमार पाण्डेले कृतिका बारेमा बोल्नुभएको थियो । साथै पसाहित्यकार हरिप्रसाद पाण्डेले दिनुभएको थियो ।

# नसोचेरै अनि, नदेखेरै घमण्ड नगर्नुस्



संस्कारबिहिन यस्तो बेथिति कहिले सुरू भयो
जानकारहरू बताऊ यो मिति कहिले सुरू भयो
कथित सर्व सम्पन्न भई आफ्नै बाबा आमालाई
बृद्धाश्रममा थन्काउने रीति कहिले सुरू भयो ?

**- अरूणकुमार भुजेल**



धन दौलत आफ्ना सारा, छोडी जानु पर्छ आखिर
आयु किन्न पाइने हैन, धनाड्य'नि मर्छ आखिर
जीवन मृत्यु सम्झौता हो, बेकार छन् सारा चिज,
मिति पुग्छ कालले टिप्छ, न टारेरै टर्छ आखिर ।

**- प्रेम कटवाल**



मलाई केही लोभ छैन, सिङ्गो जीवन बाँच्न चाहन्छु
साँच्चै नढाँटी भन्छु, मृत्युसँग नडराई हाँस्न चाहन्छु
संसारमा जन्मेपछि कसैले अजम्मरी पाएको हुँदैन
बाँचुन्जेल सबैसँग मानवताको माया गाँस्न चाहन्छु

**- ज्ञान उदास**



नसोचेरै अनि, नदेखेरै घमण्ड नगर्नुस्
समय के हो ? नबुझेरै,घमण्ड नगर्नुस्
सुन्दरता धेरै बेरसम्म टिक्दैन मित्रहरू,
आफ्नो सुन्दरतामा धेरै, घमण्ड नगर्नुस् ।

**- अर्जुन अधिकारी**



कहाँ जन्म्यौ कहाँ हुर्क्यौं सनातन भुल्छौ अनि
पराइको वनपाखामा ढकमक्क फुल्छौ अनि
देशको रक्षा विकासमा ध्यान लाउँदै फर्किएर
सञ्जालको माध्यमबाट थर्काउँदै डुल्छौ अनि ।

**- मनीषा प्रसाईं**




राती सुते कै बेलामा पनि कतिपय देखाइरहन्छे
मलाई सारै हुन्छ हो डर तरास भय देखाइरहन्छे
कसैलाइ दुःख परेको होस् या सुख केही थाहा छैन्
मेरो बुढीले भने दाँत मात्रै हर समय देखाइरहन्छे

**- पारस भट्ट प्यासी**

# अन्तरदृष्टिमा दृष्टिगोचर गर्दा



*अरूणबहादुर खत्री*



कवि राजेशमान के.सी.को अन्तरदृष्टि नामक विविध तथा समसामयिक लेख-रचनाहरूको प्रवन्ध सङ्ग्रह २०८० सालमा चौथो कृतिको रूपमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र उनीद्वारा लेखिएका विज्ञान, धर्म र अध्यात्म, प्रकृति, प्रवृत्ति र पर्यावरण, बालबालिकाको नैतिक विकास र अभिभावक, शिक्षा र हाम्रा अपांगता भएका बालबालिका लगायत विभिन्न शीर्षकका १५ वटा समसामयिक लेखहरू समावेश गरिएका छन् । यस सङ्ग्रहभित्रको विज्ञान, धर्म र अध्यात्म शीर्षकको पहिलो लेखमा आज विज्ञान प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व प्रगतिका कारण सिंगो विश्व एउटा सानो गाउँ अर्थात् ग्लोबल भिलेज मा परिणत हुन पुगेको छ भनेर राजेशमानले लेखेका छन् । प्रकृति प्रवृत्ति र पर्यावरण शीर्षकको लेखभित्र नेपाल पनि एउटा प्राकृतिक प्रकोपबाट प्रभावित मुलुक हो । मानिसहरूले प्राकृतिक सम्पदाको ख्यालै नराखी जथाभावी वनविनाश गरिदिनाले वातावरणीय असन्तुलन बढ्न गई यहाँ बाढी, पहिरो, भू-क्षय आदि जस्ता प्राकृतिक प्रकोपको समस्या देखा पर्ने गरेका छन् । खासगरी वर्षातको मौसम सुरू हुने बित्तिकै बाढी, पहिरो र भू-क्षय जस्ता प्राकृतिक प्रकोपको समस्याले ताण्डव लिला मच्चाउने र यसबाट जनधनको ठूलो क्षेति हुने गरेको छ भनेर लेखिएको छ ।

लेखक भन्छन् हरेक कुरामा अतिले खती गर्छ । वास्तवमा लेखकले भनेझैँ अहिले हाम्रो समाजमा धेरै बोल्ने तर काम भने नाम मात्रको गर्ने उदाहरण एक दुईवटा मात्र हैन धेरै नै छन् । यस सन्दर्भमा पनि लेखक राजेशमानले अति सर्वत्र बर्जयत् विषयक आफ्नो प्रबन्धमा कतिपय बुद्धिजिवीहरू र विशेषगरी हाम्रा राजनैतिक नेताहरू माइक्रोफोन हातमा लिएर बोल्न थालेपछि हतपत छाड्नै नजान्ने अहिलेको यथार्थपरक विषयवस्तुलाई चर्चा गर्न भ्याएका छन् । प्रसिद्ध बालमनोवैज्ञानिक हैम्बर्गको भनाई अनुसार बालबालिकाहरू प्राय: सातदेखि एघार वर्ष उमेरको बीचमा उच्छृङ्खल क्रियाकलापतर्फ अग्रसर हुने गर्छन् भने मनोवैज्ञानिक ब्राइलको भनाई अनुसार बालबालिकाहरूमा झूठो बोल्ने प्रवृत्ति सात र आठ वर्षको बीचमा बढी मात्रामा रहेको हुन्छ भनेर यस कृतिका लेखक राजेशमानले बालबालिकाको नैतिक विकास र अभिभावक शीर्षकभित्र लेखेका छन् । शिक्षा र हाम्रा अपांगता भएका बालबालिका शीर्षकको लेखमा विश्व स्वास्थ्य संगठनको अपांगता सम्बन्धी पछिल्लो प्रतिवेदन अनुसार विश्व जनसंख्याको पन्ध्र प्रतिशत अर्थात् १ वर्षभन्दा बढी मानिसहरूमा कुनै न कुनै प्रकारको अपांगता रहेको छ । त्यसमा पनि अधिकांश यस्ता अपांगता भएको व्यक्तिहरू हाम्रो जस्तो विकासोन्मुख मुलुकमै बसोबास गर्दछन् भनिएको छ ।

प्रेम र सेवा शीर्षकको लेखभित्र मनुष्य जीवन छोटो र अनिश्चित छ । तर अनिश्चित भएकै कारण मानव जीवन अत्यन्त मूल्यवान पनि छ । त्यसैले यस्तो मूल्यवान जीवनलाई हामीले त्यत्तिकै खेर जान दिनु हुँदैन । समयको कत्ति पनि खेर नजाने गरी हामीले आफ्नो जीवनलाई सार्थक तुल्याउने प्रयत्न गर्नुपर्दछ भनिएको छ । नेपालमा अन्य क्षेत्रमा पाइने सारसभन्दा लुम्बिनी क्षेत्रभित्र पाइने सारसको विशेष धार्मिक तथा पर्यटकीय महत्व रहेको छ । त्यसैले लुम्बिनी आउने प्राय: जसो पर्यटकहरू सारस हेरेर मात्र फर्किने गर्दछन् । विशेषत भगवान गौतम बुद्धको कथासँग जोडिएर ऐतिहासिक महत्व समेत बोकेको सारसलाई कतिपय धार्मिक पर्यटकहरू भगवान गौतम बुद्धको प्रतीक मान्ने गर्दछन् भनेर राजेशमानले प्रेम र सहकालको प्रतीक: सारस शीर्षकको लेखभित्र लेखेका छन् ।

उनले विभिन्न पत्रपत्रिकाहरूमा लेख-रचनाहरू लेखी प्रकाशन गर्न थालेको दुई दशक अगाडिदेखि नै हो । विभिन्न राष्ट्रिय दैनिक तथा मासिक पत्रपत्रिकाहरूमा समसामयिक विषयमा केन्द्रित रही लेखरचनाहरू उनले लेख्न थालेको हो । समय सन्दर्भ अनुसार उनका यी लेखरचनाहरूमा विषयगत तथा भाषागत रूपमा केही परिष्कृत र परिमार्जन पनि गरिएको छ । भाषाशैलीको दृष्टिले यिनको लेखरचनामा प्रयुक्त भाषा अत्यन्त सरल र सहज छ ।

अन्तरदृष्टि नामक उनको प्रस्तुत लेखसङ्ग्रहमा अध्यात्मक र राष्ट्रप्रेम उजागर भएको छ । लामो समय विज्ञान तथा प्रविधिको क्षेत्रसँग नजिक भएर काम गरेका राजेशमानले आफ्नो लेखनमा विज्ञान र प्रविधिको विषयलाई पनि जोडेका छन् । जुन स्वाभाविक नै लाग्दछ । सकारात्मक चिन्तन: रचनात्मक जीवन शीर्षकको लेखभित्र आज मानिस भौतिक दृष्टिले सुखी र सम्पन्न देखिए पनि आध्यात्मिक रूपमा भने कमजोर र निरिह बन्दै गइरहेको हो कि जस्तो महसुस हुन थालेको छ । वास्तवमा आध्यात्मिक रूपमा देखिएको यही कमजोरी र निरिहपनले गर्दा आज मानिसको बिचार र संकल्प पनि सकारात्मक भन्दा बढी नकारात्मक नै बन्दै गइरहेको देखिन्छ भनेर लेखिएको छ ।

विशेष गरी विज्ञान प्रविधि र अध्यात्म जस्ता विविध र गहन विषयवस्तुमा कलम चलाउने उनको लेखाई पनि रोचक र स्तरीय छ । उनका रचनाहरूमा सामाजिक सचेतना जस्तै हाम्रा परम्परागत मूल्य मान्यता एवम् नैतिकताको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यबाट अभिप्रेरित हुन्छन् र मूलत: बौद्धिक वर्ग र परिपक्व पिँढीले रूचाउने खालका हुन्छन् । यो लेखसङ्ग्रहमा यिनले विज्ञान र प्रविधि, अध्यात्म चिन्तन, भौतिकवाद र अध्यात्मवादको सयोजन, शिक्षा, स्वास्थ्य, पर्यटन, मौलिक प्रविधि, वातावरणीय सचेतना लगायत विविध समसामयिक विषयवस्तुहरूलाई समेटेका छन् । अन्त्यमा राजेशमानका यस्तै सार्थक अन्य सङ्ग्रह थपिदै जाउन् भन्ने कामना गरिन्छ ।

पुस्तक: अन्तरदृष्टि — लेखक: राजेशमान के.सी.
प्रकाशक: सिर्जना अभियान समाज, भक्तपुर — संस्करण: २०८० वैशाख प्रथम







| | | |
|---|---|---|
| **सम्पादक/प्रकाशक** | | **राजन कार्की** |
| **Editor/Publisher** | | **Rajan Karki** |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

**गोरखा एक्सप्रेस साप्ताहिक**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np





# चुच्चे नक्साको बुच्चे नेपाल

चुच्चे नक्सा छ, चुच्चो भूभाग नेपालको अधिनमा छैन । जनगणनासम्म गर्न सकिएन, गत चुनावमा ती भूभागका नेपालीले मतदान गर्नसमेत पाएनन् । तैपनि संसदमा राष्ट्रियता गुन्जिएकै छ । राष्ट्रियताको नारा लागिरहेकै छ । विपक्षीहरू रास्वपा र बालेन्द्र साह सरकारमाथि राष्ट्रघाती अभिव्यक्ति दिएको आरोप लगाइरहेका छन् । नेपालले भारतको भूमि मिच्यो कि भारतले नेपालको भूमि मिचेको छ भन्ने बहस चलिरहेकै छ । अहिले पनि सिमाना पारी नेपालीले भूभाग खनजोत गरिरहेकै छन्, सिमाना वारी भारतले भोगचलन गरिरहेकै छ । यो दशगजाको समस्या हो । यथार्थमा नेपाल र भारतवीच सुस्ता र कालापानी क्षेत्रमा बाहेक सबै सीमा समस्या सल्टिएको बिगतका सरकारले बताउँदै आएका थिए । सुस्ता र कालापानी, लिपुलेक र लिम्पियाधुराका समस्या किन सुल्झाउन सकेनन् चार दशकको बहुदल र लोकतान्त्रिक सरकारहरूले ? यो प्रश्न यतिबेला उठेको छैन ।

संविधान निर्माताले ८ वर्ष लगाए तर संविधानमा बुच्चे नक्सा समावेश गरे । भारतले नेपालको चुच्चे नक्साका भागलाई भारतमा गाभेको राजनीतिक नक्सा जारीगरेपछि संसदले संविधानमा चुच्चे नक्सा समावेश गरेको हो । नेपालको चुच्चेनक्सा, संविधानमा समावेश गरियो । नक्सामा चुच्चो छ, चुच्चेक्षेत्रमा शासन भारतको स्थापित भइसक्यो । चार दशकका शासकहरू नेपाली भूमि छाडिन्न भन्छन्, ती भूभाग कसरी नेपालमा ल्याउने भन्ने चिन्ता वर्तमान प्रतिपक्षी र चारदशकदेखिका शासकहरू जेनजी सरकारलाई सघाउन तैयार छैनन् । प्रतिपक्षीहरू जसरी पनि रास्वपा र बालेन सरकारलाई असफल पार्न राष्ट्रघाती भनिरहेका छन् । राष्ट्रवाद कसरी मजबुत बनाउने भन्ने कुनै प्रयास विपक्षीले गरेको देखिदैन ।

भारतले बालेन सरकारलाई बधाई दिएको छ । भारत भ्रमणको निम्तो आएको छ, निम्तो दोहोऱ्याएर दिनका लागि भारतका विदेशमन्त्री नै नेपाल आउने भएका छन् । बालेनले भनेका छन्- म विदेश भ्रमण गर्दिन । तर भारत जानैपर्ने भएको छ । उनले भनेका थिए- कुन कुन विषयमा वार्ता हुने हो, नतिजामुखी वार्ताका लागि म तैयार छु । परराष्ट्र मन्त्रालयले एजेण्डा तय गरेको छ, ती एजेण्डामा परराष्ट्रमन्त्री स्तरमा भेटवार्ता हुनेछ र प्रम बालेनको भारत भ्रमणको तिथि तय हुने पक्का छ ।

अर्थात, आवतजावत, व्यापार, उद्योग, निकासी, लगानी र चुच्चेनक्सा, लिपुलेक, कालापानी, लिम्पियाधुराको प्रश्नमा नेपाल र भारतका प्रधानमन्त्री स्तरमा वार्ता हुनेछ ।  ऐतिहासिक जनादेश पाएका प्रम बालेनलाई नेपाल भारतवीचका सबै समस्या सुल्टाउन विपक्षीहरूले साथ र सहयोग दिनुपर्ने छ । सिङ्गो नेपालको आवाज  उठाउनु रास्वपा र प्रम बालेन साह तैयार देखिन्छन् । पहिले पहिलेजस्तो दिल्लीको बासमती चामलको बासी भात खाएर मात्र प्रम बालेन साह फर्कने छैनन् । पुरानाहरू रहर मेट्न, स्वाद फेर्न, चाकरी गर्न भारत जान्थे, बालेन अलगधारमा छन् । चार दशकसम्म भारतले सीमा विवादको कुरा नेपालले नउठाओस् भन्ने चाहने र नेपाली नेताहरूले त्यसै गर्ने गर्थे । अझ भारतको स्वार्थमा सम्झौता गरेर फर्कन्थे र भन्थे, सहमतिमात्र हो । गिरिजादेखि प्रचण्ड, माधव, देउवाले त्यसैगरे । अब समय बदलिएको छ । नेपाल-भारतवीच अप्ठेरो अवस्था सिर्जना नहुने र मित्रता, छिमेकीपनको नयाँ परिभाषा प्रम बालेन लेख्न चाहन्छन् । दुबै देशवीचका समस्या छैनन्, सम्बन्ध राजनीतिकभन्दा पनि जनस्तरमा मीठो बनाउने प्रयास मोदी र बालेनको हुने कुरामा शंका नगर्दा हुन्छ । जनादेशको महत्व २०१४ देखि भारतको शासनमा रहेका नरेन्द्र मोदीलाई भन्दा बढी अरू कसलाई थाहा होला । नयाँ पुस्ताको सोचबारेमा पनि अनुभवी नरेन्द्र मोदीलाई धेरै राम्रो ज्ञान छ । पुराना पुस्ताका मोदी र नयाँ पुस्ताका बालेन साहवीचको भेटवार्ता अर्को ऐतिहासिक घटना हुने निश्चित देखिन्छ ।

बालेन साह भारत जाने तरखरमा छन्, यो विश्वकै चासोको विषय हुनेछ । नेपाल सानो छ तर इतिहासमा जेनजी विद्रोह र चुनावमा नयाँ पुस्ताको विजय र शासन सञ्चालनले विश्वको ध्यान खिचेको छ । त्योभन्दा पनि ठूलो कुरा नेपाललाई भ्रष्ट र फ्रडहरूको देश भन्नेहरूले भ्रष्टाचारको समाचार सुन्न नपर्नु गजबै हो ।

# बालेन गोठको राजा कि कोटको राजा हुने ?




प्रजातन्त्रको बिडा उठाएको कांग्रेस आफैभित्र रनभुल्लमा छ । ओल्लो किनार न पल्लो तीरको अवस्थामा छ ।

एमाले नेतृत्व परिवर्तन र जड बनेर बसेको नेतृत्वको अहंकारवीच यता न उताको अवस्थामा छ ।

माओवादी त्यागेर नेकपा बनेको पार्टी अस्तित्व कसरी रक्षा गर्ने भनेर आत्मरक्षाको युद्ध आफैसँग लडिरहेको छ ।

मधेसवादी दलहरू एक भएर बाँचेको छु भन्ने आवाज त सुनाइरहेका छन् तर पछारिएका मधेशवादी नेताहरू पुनः उठ्छन्, उठ्न सक्छन् भन्ने देखिदैन ।

राप्रपा फुट्दै छ, अर्को राप्रपा जय नेपाल पार्टीका रूपमा दर्ता हुँदैछ । दुर्गा प्रसाईको आन्दोलन जारी छ । यसपटक एकैचोटी राष्ट्रिय पार्टी बनेको श्रम संस्कृति पार्टी छिटै पत्रुको भाउमा जानेवाला छ भन्छन् बिश्लेषकहरू ।

अन्य ससाना पार्टीहरू कता छन्, के गर्दैछन्, कुनै छेउटुप्पो पत्तो छैन ।

मुख्य सवाल चार दशकदेखि बहुदल र लोकतान्त्रिक गणतन्त्र फलाकेर जनताको आँखामा छारो हाल्दै लोकतन्त्रलाई लूटतन्त्र बनाउनेहरू नयाँ पुस्ताको जनादेश प्राप्त रास्वपा र बालेन साह सरकारलाई जसरी पनि असफल पारेर आफ्नो बर्चस्व कायम गर्ने साजिस गरिरहेका छन् । चार दशक गर्नुसम्म राष्ट्रघात गरेका यी पुराना दलहरू नयाँलाई राष्ट्रघाती भनेर आफू साखुल्ले पल्टने दाउपेच गरिरहेका छन् ।

अर्थात् पुराना र नयाँ पुस्तावीच समुद्र मन्थन हुँदैछ । यो राजनीतिक पुरानो र नयाँ पुस्तावीचको मन्थन देवासुर सङ्ग्राममा जस्तै राजनीतिक मन्थन हुँदैछ । देवासुर संग्राममा विष पान गरेर निलकण्ठ हुनसक्ने देवाधिदेव महादेव थिए, राजनीतिक मन्थनबाट निस्कने विषपान गर्ने कुनै महादेव छैनन् । यसकारण यो मन्थनले कतै देशको अस्तित्वमाथि नै संकट पर्ने हो कि भन्ने संशय छ ।

नेताहरू को कति पानीमा छन् अब देखिदैछ । राजनीतिक समुद्र मन्थन हुँदैछ, अमृत पिउनेहरूको प्रतिस्पर्धा चलिरहेको छ भने विष कसले पिउने, विष पिउन तैयार हुने को हो ? पत्तो छैन । सबै राष्ट्रवादी, जनताले चुनावमा छ्यानब्यान गरिसक्दा पनि चेत छैन ।

भनिन्छ, विष झार्न नजान्नेले सर्प नखेलाउनु । ज्यान जाने जोखिम हुन्छ । पुराना ड्याकुल्लाहरू जनताले पछार्दा पनि जनाधिकारमाथि गीर खेल्दैछन् ।

भूराजनीति गोलचक्कर सुरू भइसकेको छ । नेपालमा चीन, भारतमात्र होइन, रूस र पश्चिमा शक्ति पनि छिरिसकेको छ । आगामी दिन सीमा समस्याका कारणले होस् कि एमसीसी अथवा बीआरआईका कारणले होस्, सहज छैन । एमसीसी पास गर्ने तत्कालीन नेकपा, कांग्रेस, मधेशवादीले अझै एमसीसीको विश्लेषण गर्न सकेका छैनन् । २०१७ मै (११वर्ष अघि) बीआरआईमा सही गर्ने पार्टीहरूले बीआरआई कार्यान्वयन गर्न सकेनन् । प्रश्न यत्ति छ कि नयाँ पुस्ताका नेता रास्वपाका सभापति रवि लामिछानेले भारतका प्रम नरेन्द्र मोदीलाई भेटेपछि अब चीनका राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गर्न चीन जाने होमवर्क हुँदैछ । अमेरिका र पश्चिमा, रूस आँखा चिम्लेर बसेको छैन, कान र मुख खुलै छ । तिनको राडारमा परेको नेपालको कूटनीतिमा चुक भयो भने लेनेको देने पर्नसक्ने जोखिम बढेको छ । अर्थात राजनीति र कूटनीति मन्थनबाट निस्कने विषपान गर्ने को ? यो समय पुरानाको अनुभव र नयाँको जोश मिलाएर देशहितमा अघि बढ्नुपर्नेमा पुरानाहरू ऐतिहासिक जनादेश पाएका नयाँलाई फेल गराउनेतिर लागेका छन् । नयाँ पुस्ता फेल हुनु भनेको देश असफल हुनु हो भन्ने हेक्का पुराना दलले राख्न सकेनन् ।

विश्वशक्तिको प्रतिस्पर्धामा यतिबेला नेपाल चीनको बीआरआई र अमेरिकाको बीडीएन अर्थात दुई धारे तरवारको अचानो बनेको छ । बुद्धि पुऱ्याउन सके, आफ्नो नीतिमा उभिन सके बीआरआई, बीडीएन दुबै अमृत हो । यता उता चिप्लिन पुगियो भने दुबै विष पनि हो । नेपालको नयाँ पुस्ताको अग्निपरीक्षा यही हो ।

समाजमा उखान छ- कि गोठको राजा, कि कोटको राजा । हामी कहिले यो राजासँग त कहिले ऊ राजासँग लाग्यौं, आफैमाथि कहिले विश्वास गरेनौं । एउटा राजा फाल्यौं, थुप्रै महाराजा ल्यायौं । महाराजाहरूवीच नै छिर्की हानाहान, भागशान्ति जयनेपाल चलिरहदा जनताले तिनलाई अविश्वसनीय तरिकाले किनारा लगाइदिए । स्मरणीय छ, चार दशको राजनीति भनेको वर्षको एकदिन नुवाकोट, तारूकामा गोरू जुधाउने प्रचलनजस्तै भयो । हाम्रा लागि राजनीति भनेको हरेक दिन हेर्न पाइने त्यो गोरू जुधाइजस्तै थियो । कर्म नगरेकै कारण लेण्डलक्ड, बुद्धिलक्ड, विवेकलक्ड भएर विकासशील समेत बन्न नसकेका हामी पुर्पुरोमा हात राखेर टोलाइरहेका थियौं, फागुन २१ को चुनावमा जनताले नयाँ पुस्तालाई रोज्न पुगे । पुराना पुस्ताका नेताहरू सकिए ।

रास्वपा र प्रम बालेनले बुझेका छन्- ४१ हजार २ सय ८४ बर्गकिलोमिटर मात्र, आकारले सानो स्वीट्जरलेण्डले फ्रान्स, इटली, जर्मनी, अष्ट्रिया जस्ता छिमेकी पायो । त्योभन्दा सानो आकार २ हजार ५ सय ४६ बर्ग किलोमिटर मात्र भएको लक्जमबर्गले बेल्जियम, जर्मनी, फ्रान्सजस्ता छिमेकी पायो । ताजकिस्तान, तुर्कमेनिस्तान, कोसोभा, लावस्, माली, स्वाजिलेण्डलगायतका ४९ भूपरिवेष्ठित मुलुकहरू छन्, सबैभन्दा सानो भ्याटिकन सिटी हो । तर कोही पनि भूपरिवेष्ठित मुलुकले १९२१ को वार्सिलानो र १९५८ को समुद्रसम्बन्धि जेनेभा कन्भेन्सनमात्र होइन, आधुनिक नयाँ मान्यताले पनि भूपरिबेष्ठित मुलुकहरूले  समुद्रसम्मको पहुँचका कारणले प्रताडित छैनन् ।

नेपाल हेपिदै, हस्तक्षेपमा रोइरहेछ ।

यसैको मौन बिरोध र आन्दोलन हो नयाँ पुस्ताले पाएको जनादेश ।

ती भाग्यमानी छन्, तिलाई निर्वाध समुद्रसम्मको पहुँच प्राप्त छ, नेपाललाई भारतले समुद्रसम्मको पहुँचलाई सरपर्दा दिने, अभरपर्दा रोक्ने गर्छ । आयात निर्यातमा दुःख दिने गर्छ । भारत नेपालका लागि सधैंको ऐठन हो । छिमेकी फेर्न सकिन्न, नेपालले यो ऐठनलाई सहज बनाउने चतुरनीति लिनैपर्छ । भारतजस्तो शक्तिशाली राष्ट्रले बिपन्न र भूपरिबेष्ठित मुलुकमाथि एकछत्र प्रभाव बिस्तार गर्न नेपालको भूपरिवेष्ठित हुनुको कमजोरीलाई सदावहार गर्धनको पासो बनाइरहेछ । खुला सीमा राखेर केही दिएजस्तो गर्ने, लिपुलेक, कालापानी दुबै हातले लुट्ने भारतीय बाहुबली धन्दा सराप हो ।

सन १८१६ को सुगौली सन्धिले छिनोफानो गरिसकेको लिपुलेक-लिम्पियाधुरा, कालापानी क्षेत्रको ३ सय ९२ बर्ग किलोमिटेर अतिक्रमण गरेर भारतले आफ्नो नक्सामा हालेपछि नेपालले ती भूभाग नेपालको हो भनेर सही नक्सा जारी गरेको हो । नेपाललाई मुसा खेलाएझैं खेलाउन नपाएको भारत रिसाएको छ र यो विवाद चर्काउँदैछ । यसकारण प्रम बालेन साहले दशगजाको समस्या उठाए, बेलायतलाई मध्यस्थता राख्ने कि भनेर तर्क झिके । भारत तर्सियो । भारतले प्रम बालेनलाई भारत भ्रमणको निम्तो दिएको छ, दिदै छ । प्रम बालेन सबै समस्यालाई एजेण्डाको रूपमा राख्न र संवादबाट हल हुने भए भारत भ्रमणमा जान राजी भएको अवस्था छ ।

भारतीय नेता, सञ्चारमाध्यम र सेना र सैनिक विज्ञहरूले नेपालको हक, हितका कुरा गर्दा चीनको उक्साहटमा नेपालले विवाद निकालेको आरोप लगाउँदै आएको छ । जबकि नेपाल भारत पीडित मुलुक हो । नेपालसँग विशिष्ट प्रकारको, रोटी र बेटीको सुमधुर सम्बन्ध छ भन्ने गरेको भारतको अर्घेलो सदावहार हो । हिउँको ढिक्का बनिसकेको सम्बन्धलाई वार्ताबाटै सुमधुर बनाउन प्रम बालेनले चलाखी गरिरहेका छन्, जुन प्रशंसनीय छ ।

प्रतिपक्षी पुराना नेताहरूले जतिसुकै अर्घेलो थापे पनि, हर्क साम्पाङलाई उरालेर गालीगलौज गरे पनि बालेन साह झन झन शक्तिशाली बन्दैछन् । साँढे चार महिनाको कार्यकालमा उनले भ्रष्टाचार गरे भन्ने सुनिएको छैन ।

अब चीनको बीआरआई, अमेरिकी एमसीसी, भारतको बिमस्टेक, रूसको विकास मोडेल प्रस्ताव र युरोपियन युनियनको दलाई लामा स्थापित गर्ने दबाबवीच बालेन सरकार फुकी फुकी निर्णय गरिरहेको देखिन्छ । चीनको बीआरआईको बिस्तार नहोस् भन्ने भारोअमेरिकी चाहना हो । तर नेपालका लागि समदूरीको नीतिको बिकल्प छैन । १५ वर्षपछि विश्वको नम्वरवान आर्थिक र सामरिक शक्ति बन्नसक्ने चीनले यो सपनाजस्तो बीआरआई योजनालाई सार्थक बनाउन नेपालको सहभागिता खोजेको छ । अमेरिकाको चीन घेर्ने योजना छ । भारत आफ्नो प्रभाव कायम राख्ने रणनीति अख्तियार गर्दैछ । नेपालका पुराना र नयाँ दलहरू जसरी पनि सरकारलाई दोषी देखाइरहेका छन् । एकातिर कूटनीतिक जोखिम, अर्कोतिर यो राजनीतिक मन्थन, प्रम बालेनका लागि असारे भेलभन्दा कम छैन ।

र, चीनको बीआरआईको जवाफमा अमेरिकाले अघि सारेको अर्को योजनाको नाम हो- ब्लूडट नेटवर्क (बीडीएन) । यो योजनाभित्र पनि अन्तर्राष्ट्रिय पूर्वाधार विकास र कनेक्टिभिटीको लक्ष्य नै समावेश गरिएको छ ।

चीनको बीआरआईलाई दिएको कूटनीतिक प्रतिस्पर्धा गर्न आएको जोल्ट प्लान हो अमेरिकाको बीडीएन । ढुंगासँग ढुंगा, फलामसँग फलाम जुध्यो भने आगो निस्कन्छ । पहुँच र प्रभावको यो प्रतिस्पर्धाबाट शान्ति र प्रगति निस्कोस्, विकासशील मुलुकहरूको मनोकांक्षा यही हो । स्मरणीय के पनि छ भने कूटनीतिमा केही पनि निशुल्क हुँदैन । निशूल्क हुँदैन भने पूर्वाधार विकासका सर्तमा नेपालले बीआरआई र एमसीसीमार्फत तिर्नुपर्ने महँगो मूल्य के होला ?

बीआरआई २०१३ बाट सुरू भएर १३८ मुलुक र ३० अन्तर्राष्ट्रिय संस्थाहरू आवद्ध भइसकेको विशाल रेलवे, राजमार्ग, हवाई, विद्युत, सञ्चारसहितको पूर्वाधार अवसर हो । यो योजना चाइना-अफ्रिका, क्यारिवियन, युरोपियन युनियन, प्यासिफिक रसियादेखि अमेरिकासँगको व्यापारिक सम्पर्कसम्ममा प्रभावित देखिएको छ । बीआरआईभित्र पश्चिम चीनदेखि पश्चिम रूस, सिल्क रेलवेले कजकिस्तान, बेलारूस, पोलेण्ड र जर्मनलाई समेत छिचोल्ने योजना छ । चीनको उत्तरी भूभागबाट सुरू हुने-मंगोलिया-रूस करिडरमा ठूलो लगानी भएको छ भने  चीन-दक्षिण, पूर्व, पश्चिम एसिया करिडरले टर्कीसम्म जोड्ने लक्ष्य राखेको छ । चीन इण्डोचाइना करिडरले दक्षिण चीनबाट सिंगापुर जोडिने भएको छ । लामो समयदेखि चीनले पाकिस्तान आर्थिक क्षेत्र सीपीइसीमा काम गरिरहेको छ र ग्वादरजस्तो दक्षिण एसिया र अफ्रिकाले लाभ लिनसक्ने मेगा सीपोर्ट निर्माण गरिसकेको छ । श्रीलङ्कामा पनि सीपोर्ट कार्यान्वयनमा आइसक्यो । बीआरआई परियोजनाले चीनलाई चित्ताकर्षक देशका रूपमा सबैलाई लोभ्याउन थालेको छ । नेपाललाई ७ वटा सीपोर्टको सुविधा र नेपालभित्र ड्राई पोर्ट निर्माणमा समेत चीन तत्पर छ ।

विश्वशक्ति अमेरिका चीनको प्रभाव बिस्तार र विकासशील बजारको पूर्वाधार विकास र पहुँचबाट अलग बस्न सक्ने सवालै थिएन । त्यसैले अमेरिकाले भूगोलविद कार्ल हाउसोफरले सन १९२० मा पहिलोपल्ट सार्वजनिक गरेको सोच इण्डो-प्यासिफिकलाई टपक्कै टिपेर सन २०११ देखि त्यसभित्र अमेरिकाको प्रभावबिस्तार सहितको पहुँच र पूर्वाधार विकास रणनीति अघि सारेको हो ।

सन २०१३ मा यस क्षेत्रको विषयमा व्यापक रूपमा अमेरिका र भारतवीच बहस भएपछि विकास र लगानी, व्यापार र पारवहनसहित अमेरिकाले दक्षिण र दक्षिण एसियामा इण्डो प्यासिफिक करिडरको कन्सेप्टलाई तीब्र रूपमा अघि बढाएको देखिन्छ । यसमा सेन्ट्रल इण्डो प्यासिफिक, इस्टर्न इण्डो प्यासिफिक, वेस्टर्न इण्डो प्यासिफिक भनेर क्षेत्रहरू तोकिएका छन् । तर आइपीएस अमेरिकाको सैनिक मिसन नै हो । एमसीसी र बीडीएन दुई योजना हुन् ।

एमसीसी सन २००४ मा अमेरिकन कंग्रेसकै स्वीकृति लिएर विश्वबाटै गरिवीविरूद्ध लड्न द्वीपक्षीय सहयोगी संस्थाका रूपमा स्थापित गरिएको हो । एमसीसीले कृषि, सिंचाई, सुशासन, शिक्षा, विद्युत शक्ति, आर्थिक संस्थाहरूको विकास, स्वास्थ्य, भूमि व्यवस्थापन, यातायात, पानी वितरण लगायतका क्षेत्रमा सहयोग विस्तार गर्दै गएको छ । एमसीसीको बिस्तारमा अिति कम विकसित ४३ मुलुकहरूमा गरीबी निवारण र पूर्वाधार विकासमा एमसीसी क्रियाशील छ । नोभेम्बर २०१९ मा थाइलेण्डमा इण्डो प्यासिफिकको बिजनेस फोरमको बैठक भएको थियो । त्यहाँ अमेरिका, जापान, अष्ट्रेलियासँगको सहकार्यमा विश्वभर पूर्वाधार परियोजना निर्माण गर्ने सहमति भएपछि बीडीएनको घोषणा गरिएको हो । बीडीएनले कुन रूपमा बीआरआईलाई धक्का दिनेछ, हेर्नुछ ।

पेरिस मिडिया रिसर्च इंकका अनुसार सन २०१८ मा चीन र बीआरआईमा पर्ने मुलुकहरूवीच १.३ ट्रिलियन डलरको व्यापार भएको थियो । सन २०१९ मा यसको दोब्बर भएको अनुमान गर्छन् अर्थशास्त्री डंकन । तर उनी र अन्य अर्थशास्त्रीहरू चीनको बीआरआईलाई ऋणको गलपासोका रूपमा प्रचार गरिरहेका छन् र भन्छन्- सम्बद्ध मुलुकलाई चीनको ऋणपासोमा पर्न नदिन सुलभ पूर्वाधार परियोजनामा बीडीएनले सहयोग नगर्नुपर्ने कुनै कारण देख्दिनँ ।

आश्चर्य त के छ भने विशाल बजार भएको भारत अहिलेसम्म अमेरिकाको बीडीएन वा चीनको बीआरआई कतै पनि संलग्न भएको छैन । कूटनीतिक विश्लेषकहरू भन्छन्- रूसबाट अलग भएर अमेरिकासँग टाँस्सिन पुगेको दक्षिण एसियाको महाशक्ति भारत अहिलेसम्म अमेरिकी प्रस्तावमा सहभागी हुन इच्छुक देखिएको छ । अमेरिका र भारत दुबै चीनसँगको व्यापारिक प्रतिस्पर्धाका सहयात्री भएकाले पनि भारत बीडीएनमा संलग्न हुनसक्ने सम्भावना व्यापक छ ।

अमेरिकाले पूर्वाधार विकासले नै भारतलाई चीनभन्दा प्रभावशाली रूपमा विश्वबजारसँगको कनेक्टिभिटीमा पुऱ्याउन सक्ने आकर्षण दिएको छ ।

यही बेलामा किङ्स इन्स्टिच्यूटको एउटा रिपोर्ट सार्वजनिक भयो- अमेरिका र उसका सहयोगी मुलुकहरूसँग बीआरआईको लगानीलाई उछिन्ने आर्थिक स्रोत छन् । रिपोर्टमा भनिएको छ- अमेरिका, जापान, अष्ट्रेलियाले राष्ट्रिय आयको ०.३ प्रतिशत विकास सहयोगका लागि छुट्याए भने चीनको लगानीभन्दा बढी हुनेछ । चीनले लगानी बढायो भने पनि बीडीएन पछि पर्नेछैन । नेपालका लागि यो अवसर र चुनौति दुबै हुन् ।

# फोहोरबाट मोहर पशुधन वधशाला



डा.केदार कार्की

वधशालामा भएको सबै कुरा जनावरको अन्तिम आवाज बाहेक प्रयोग गरिन्छ भन्ने भनाइले मासु प्रशोधन उद्योगको गोलाकार अर्थतन्त्र सिद्धान्तहरू तर्फको परिवर्तनलाई प्रतिबिम्बित गर्दछ । तर वैज्ञानिक प्रशोधन र रेन्डरिङ मार्फत, तिनीहरूको व्यावसायिक प्रतिफल प्राथमिक मासुको शवको राजस्वसँग मेल खान वा पार गर्नसक्छ ।

वधशालालाई दर्ता गरिएको कुनै पनि परिसरको रूपमा वैज्ञानिक रूपमा डिजाइन गरिएको परिभाषित गरिएको छ जहाँ जनावरहरूलाई मानव उपभोगको लागि वध गरिन्छ र लुगा लगाइन्छ ( कोडेक्स एलिमेन्टेरियस, १९९३) । वधशालाको उद्देश्य वधशाला र ड्रेसिङको लागि स्वच्छ प्रविधिहरू प्रयोग गरेर जनावरहरूको मानवीय ह्यान्डलिङद्वारा खाद्य मासु उत्पादन गर्नु हो, FAO, १९९२ । वधशालाको उप-उत्पादनलाई वधशाला वा सामान्य कसाईको पसलबाट सिधै खाद्य र अखाद्यमा विभाजन गर्न सकिन्छ ।

खाद्य उप-उत्पादनका उदाहरणहरू कलेजो, मुटु, मिर्गौला, थाइमस, प्यान्क्रियाज, प्लीहा, फोक्सो र खाद्य बोसो जस्ता अफल हुन्, जबकि अखाद्य उप-उत्पादनहरूमा खुट्टा, अखाद्य कच्चा हड्डी, सिङ, खुर, पित्त, रगत र अखाद्य बोसो समावेश छन् । मृत जनावर वा निषिद्ध मासुका सबै भागहरू अखाद्य श्रेणीमा आउँछन् ।

वधशालाहरूबाट उत्पन्न हुने फोहोरको एक प्रमुख भाग उप-उत्पादनहरू हुन् जुन पशु उप-उत्पादन उद्योगहरूले छाला, हड्डीको खाना, मासुको खाना, मासुको अफल, रगतको खाना, जिलेटिन, आवरण, क्याटगट, सजावटी वस्तुहरू आदि जस्ता धेरै मूल्यवान उत्पादनहरू उत्पादन गर्न ह्यान्डल गर्छन् । पशु उप-उत्पादनहरूको उपयोग एक उल्लेखनीय आर्थिक र सार्वजनिक स्वास्थ्य घटना भएको छ तर यस क्षेत्रमा प्रकाशित जानकारी कम छ ।

तीव्र शहरीकरण, औद्योगीकरणसँगै मानव जनसंख्याको वृद्धिले उपयुक्त फोहोर व्यवस्थापन पहलहरूको लागि ठूलो चुनौती खडा गरिरहेको छ । फोहोरको उपयोगको लागि प्रविधिहरू उपलब्ध छन् तर थोकमा कच्चा पदार्थको उपलब्धता नहुनु, अनुचित मार्केटिंग रणनीतिहरू र अनभिज्ञता जस्ता केही बाधाहरू फोहोर व्यवस्थापनमा बाधा हुन् । अपर्याप्त जैविक स्थिरता, सम्भावित रूपमा रोगजनक प्रकृति, उच्च पानीको मात्रा, द्रुत स्वचालित अक्सिडेशनको सम्भावना र उच्च स्तरको इन्जाइम विधिका कारण विशिष्ट फोहोरको उपयोग र विसर्जन गाह्रो छ ।

वधशालाको फोहोरमा वध गरिएको जनावरको त्यो भाग हुन्छ जुन मासुको रूपमा बेच्न सकिँदैन, यद्यपि एक विशेष भौगोलिक क्षेत्रका मानिसहरूको खाने बानीले खाद्य र अखाद्य उत्पादनहरू बीच भिन्नता राख्छ । यस्तो फोहोरमा हड्डी, टेन्डन, छाला, र ग्यास्ट्रो-आन्द्राको नली, रगत र आन्तरिक अंगहरूको सामग्री समावेश छ । विगतमा, उप-उत्पादनहरू एशियामा मनपर्ने खाना थिए, तर स्वास्थ्य चिन्ताहरूले घरपालुवा जनावरको खाना, औषधि, सौन्दर्य प्रसाधन र पशु आहार जस्ता गैर-खाद्य प्रयोगहरूमा ध्यान केन्द्रित गरेको छ ।

कम मूल्य र स्वास्थ्य चिन्ताका कारण परम्परागत खाद्य मासु उप-उत्पादन बजारहरू बिस्तारै हराउँदै गएका छन् । यी समस्याहरूको प्रतिक्रियामा, मासु प्रशोधकहरूले आफ्नो मार्केटिंग र अनुसन्धान प्रयासहरू गैर-खाद्य प्रयोगहरूमा निर्देशित गरेका छन् । गाईवस्तु वधशालाबाट औसत ठोस फोहोर उत्पादन कुल जीवित तौल मारिएको (टीएलडब्ल्यूके)) को २७५ किलोग्राम/टन हो जुन जनावरको तौलको २७.५% बराबर हो । बाखा र भेडा वधशालाको हकमा, वधशालाबाट औसत फोहोर उत्पादन २.३ किलोग्राम/टाउको हो जुन जनावरको तौलको लगभग ४% बराबर हुने गर्दछ । वधशालाको फोहोरले पशु आहार सामग्रीलाई आंशिक रूपमा प्रतिस्थापन गर्ने क्षमता राख्छ । वधशालाको फोहोरलाई प्रशोधन गरेर कुखुरा, माछा र कुकुर र बिरालो जस्ता घरपालुवा जनावरहरूको लागि आहार पूरकको रूपमा प्रयोग गर्न सकिन्छ । हाल भारतमा, पशु आहार उत्पादन अन्नमा आधारित बढी छ र पशु उप-उत्पादनमा कम छ । यसले गर्दा पशुधन, विशेष गरी कुखुरा, सुँगुर र माछाले अन्न र अन्नको लागि मानिसहरूसँग प्रतिस्पर्धा गर्छन् जुन आंशिक रूपमा पुनर्नवीनीकरण / प्रशोधित वधशालाको फोहोरले प्रतिस्थापन गर्न सकिन्छ ।

वधशालाको फोहोरलाई पहिले मासुको बोन मील- डाइसेलसियमफस्फेट र विकलफसजस्ता मध्यवर्ती उत्पादनमा रूपान्तरण गरिन्छ जुन दाना पूरक हुन् । त्यसपछि तिनीहरूलाई विभिन्न बाली सामग्रीहरूसँग मिसाएर जनावरहरूको लागि पूर्ण दाना बनाइन्छ । मासुको बोन मील पशु आहार उत्पादकहरूको लागि प्रोटीन र फस्फोरस पूरक हो । यो कुल दानाको ५% सम्म प्रयोग गरिन्छ । डाइसेलसियमफस्फेट र विकलफस पशु आहार उत्पादकहरूको लागि अनिवार्य रूपमा फस्फोरस पूरक हुन् र कुल दानाको १% सम्म प्रयोग गरिन्छ ।

वधशालाको फोहोर उपयोगको महत्व १. उत्पादकलाई राम्रो प्रतिफल २. वातावरणीय प्रदूषण घटाउने ३. रोजगारी सिर्जना ४. माटोको उर्वरता बढाउँछ ५. स्रोतसाधनको संरक्षण ६. राष्ट्रिय अर्थतन्त्रको स्तरवृद्धि फोहोर उपयोगका लागि प्रमुख प्रविधिहरूमा कम्पोस्टिङ, भर्मिकम्पोस्टिङ, रेन्डरिङ, फोहोर प्रशोधन, बायोमिथेनेशन, जैविक उपचार, जैविक ऊर्जा, जमिन भर्ने, सफा विकास संयन्त्र र पशु आहार पूरकहरू समावेश छन् ।

प्रशोधित कच्चा उप-उत्पादनहरूको मूल्य जनावरको कुल मूल्यको १० देखि २०% सम्म हुन्छ जबकि प्रशोधित उप-उत्पादनहरूबाट प्राप्त हुने राजस्व प्रतिफल जनावरबाट प्राप्त मासुको मूल्य बराबर हुनेछ । उप-उत्पादनहरू र फोहोरहरू त्याग्नु अब व्यावहारिक छैन, विशेष गरी जब महत्त्वपूर्ण मात्रामा मूल्यवान कच्चा पदार्थहरूमा नयाँ उत्पादनहरू र कार्यात्मक सामग्रीहरूको उत्पादन जस्ता बलियो आर्थिक क्षमता हुन्छ जसमा महत्त्वपूर्ण थप मूल्य हुन्छ । उप-उत्पादन उपयोगका लागि विभिन्न विकल्पहरू विचार गर्दा, हामी यथार्थवादी हुनुपर्छ र वधशालाहरूबाट उप-उत्पादनहरूको सङ्कलन र उपयोगमा धेरै अन्तर्निहित बाधाहरू छन् भन्ने कुरामा सचेत हुनुपर्छ । कच्चा पदार्थको उपलब्धता, उद्योग स्थापना गर्न आवश्यक लगानी, अन्तिम उत्पादनको माग र लागत, श्रम लागत र यसको बजारयोग्यतालाई ध्यानमा राख्दै उप-उत्पादनमा आधारित उद्योगहरू स्थापना गर्ने आर्थिक सम्भाव्यताको मूल्याङ्कन गर्नु आवश्यक छ ।

साना वधशालाहरूमा बायोग्यास प्लान्टहरू स्थापना गर्नु र रगतलाई सूर्यको प्रकाशमा सुकाएर वा चोकरसँग मिसाएर प्रयोग गर्ने योजना बनाउनु, दानाको रूपमा प्रयोग गर्ने योजना बनाउनु उपयुक्त हुन सक्छ । सबै उप-उत्पादनहरूलाई मानव खाना, घरपालुवा जनावरको खाना, पशु आहार, औषधि, वा मल र हालसालै बायोडिजेल उत्पादनको लागि बहुमूल्य उत्पादनहरूमा प्रशोधन गर्नु वाञ्छनीय छ ।

खान योग्य मासु उप-उत्पादनहरूमा धेरै आवश्यक पोषक तत्वहरू हुन्छन् । केहीलाई औषधिको रूपमा प्रयोग गरिन्छ किनभने तिनीहरूमा एमिनो एसिड, हर्मोन, खनिज, भिटामिन र फ्याटी एसिड जस्ता विशेष पोषक तत्वहरू हुन्छन् । फोक्सो, मुटु, मिर्गौला, मस्तिष्क, प्लीहा र ट्राइप जस्ता केही अंगहरूमा उच्च पौष्टिक मूल्य हुन्छ र विश्वभरका विभिन्न देशहरूमा आहारको भाग हुन् । उदाहरणका लागि, कलेजो भिटामिनमा धेरै धनी हुन्छ जबकि कलेजो र मिर्गौलामा विभिन्न प्रकारका खनिज र ट्रेस तत्वहरू हुन्छन् । बोसोको तन्तुले भरिपूर्ण अन्य उत्पादनहरू जस्तै लार्ड वा टालोले ऊर्जा सेवनमा धेरै योगदान पुऱ्याउँछन् । कान, खुट्टा, फोक्सो, पेट र ट्राइप जस्ता उप-उत्पादनहरूमा प्रोलाइन, हाइड्रोक्साइप्रोलाइन र ग्लाइसिनको ठूलो मात्रा हुन्छ, र ट्रिप्टोफान र टाइरोसिनको कम स्तर हुन्छ ।

१. उप-उत्पादनहरूको प्राथमिक वर्गीकरण:

खाद्य उप-उत्पादनहरू (विभिन्न प्रकारका मासु/अफल): कलेजो, मुटु, मिर्गौला, दिमाग, जिब्रो, थाइमस (स्वीटब्रेड), प्यान्क्रियाज, ट्राइप (रुमेन/रेटिकुलम), र खाद्य बोसो । अखाद्य उप-उत्पादनहरू: छाला/छाला, हड्डी, खुर, सिङ, रगत, प्वाँख, अखाद्य बोसो बोसो (प्यालो/ग्रीस), आन्द्राको तन्तु, र प्यान्च सामग्रीहरू ।

२. उच्च-मूल्य रूपान्तरण मार्गहरू (फोहोरबाट मोहर) ।

क. रेन्डरिङ प्रक्रिया (बोसो र पशु फिड): रेन्डरिङले तन्तुहरू तोड्न, ओसिलोपन हटाउन, रोगजनकहरूलाई बाँफ राख्न र प्रोटिनबाट बोसो अलग गर्न ताप, बाफको चाप र केन्द्रापसारक पृथकीकरण प्रयोग गर्दछ । मासु र हड्डीको खाना ( एमबीएम):जनावर, कुखुरा र घरपालुवा जनावरको खानामा उच्च-प्रोटिन पूरकको रूपमा प्रयोग हुने ग्राउन्ड प्रोटिन/खनिजहरू । औद्योगिक ट्यालो र ग्रीस: निकालिएको बोसो लुब्रिकेन्ट, साबुन, सौन्दर्य प्रसाधन,पशु फिड र बायोडिजेलमा परिणत हुन्छ ।

ख. छाला र कपडा उद्योग:

हाइड्स र छाला:: फेसन, जुत्ता, असबाब, र औद्योगिक सामानहरूको लागि छालामा प्रशोधन गरिएको एकल उच्चतम-मूल्यको व्यक्तिगत उप-उत्पादन (कुल पशु मूल्यको ७१०-१५% को लागि लेखांकन) प्रतिनिधित्व गर्दछ ।

ऊन र कपाल: कपडा, इन्सुलेशन, ब्रशको लागि प्रशोधन गरिएको, वा पशु आहारको लागि प्वाँख/केराटिन खानामा हाइड्रोलाइज गरिएको ।

ग. औषधि र जैव प्रविधि:

रक्तका अवयवहरू : प्रयोगशाला कल्चर मिडिया, डायग्नोस्टिक अभिकर्मकहरू, र बायोफार्मास्युटिकल्सको लागि प्लाज्मा र सीरममा छुट्याइन्छ । रगतको खानाले उच्च-नाइट्रोजन मल र फिड एडिटिभको रूपमा काम गर्दछ ।

ग्रन्थिहरू र तन्तुहरू:: हर्मोन र इन्जाइमहरूको निकासी (जस्तै, आन्द्राको म्यूकोसाबाट हेपरिन, प्यान्क्रियाजबाट इन्सुलिन/प्यान्क्रियाटिन, पेटको लाइनिंगबाट पेप्सिन) ।

कोलेजन र जिलेटिन: हड्डी, छालाका टुक्रा, र खाना, औषधि क्याप्सुल, सौन्दर्य प्रसाधन, र औद्योगिक चिपकने पदार्थहरूका लागि संयोजी तन्तुहरूबाट निकालिन्छ ।

घ. बायोएनर्जी र बायोरिफाइनरी (फोहोरबाट ऊर्जा):

एनारोबिक पाचन (बायोमेथेनेशन):: रगत, प्यान्च सामग्री, र फोहोर पानीको फोहोर प्रशोधन गर्नाले वधशालाका बोयलरहरूलाई बिजुली दिन बायोगास (मिथेन) उत्पादन हुन्छ, बिजुली उत्पादन हुन्छ, र उपयोगिता लागत घट्छ ।

कम्पोस्टिङ र जैविक मल: पचेको प्यान्च मल र जैविक अवशेषहरूले पोषक तत्वले भरिपूर्ण जैविक मल र माटो कन्डिसनर उत्पादन गर्छन् ।

३. आर्थिक तथा वातावरणीय प्रभाव:

राजस्व वृद्धि: विसर्जन लागत लाग्नुको सट्टा उप-उत्पादन बिक्री मार्फत १५-३०% ले वधशालाको नाफा मार्जिन बढाउँछ । लागत घटाउने: साइटमा बायोग्यास र बोसो पुनःप्राप्तिले सुविधा ऊर्जा र थर्मल प्रशोधन बिलहरू कम गर्छ ।

वातावरणीय तथा जैविक सुरक्षा अनुपालन: भूजल प्रदूषण रोक्छ, गन्ध हटाउँछ, र अनुचित डम्पिङबाट उत्पन्न हुने रोगजनक सूक्ष्मजीवहरूलाई नष्ट गर्छ ।

निष्कर्षमा, विश्वव्यापी रूपमा पशु प्रोटिनको बढ्दो माग पूरा गर्न मासु उद्योग उप- उत्पादनहरूको प्रभावकारी उपयोग आवश्यक छ । पशु आहारको लागि मासु उद्योगको फोहोरको थप प्रयोगले कुखुरापालन र जलचर उद्योगहरूलाई कम लागतको दानाको आपूर्ति बढाउनेछ । मासु उप-उत्पादनहरूलाई घरपालुवा जनावरको खानामा रूपान्तरण गर्न नवीनतम प्रविधिहरू अपनाएर घरपालुवा जनावरको खाना उद्योगले पनि धेरै फाइदा उठाउनेछ । बायो पेप्टाइड्स र अन्य जैविक रसायनहरू जस्ता उत्पादनहरूबाट उच्च मूल्यको निकासीले मानव पोषणमा स्वास्थ्य खाद्य पदार्थ र खाद्य पूरकहरू जस्ता अन्य सम्बन्धित क्षेत्रहरूमा ठूलो अवसर प्रदान गर्दछ ।

लेखक : पशुविज्ञता हासिल गरेको व्यक्तित्व हुनुहुन्छ ।

# उपभोक्ता अधिकार संरक्षण : के छ कानुनी व्यवस्था



विष्णु गिरी निश्चल

आम उपभोक्ताले थेग्न नसक्ने गरी अतिआवश्यकिय वस्तुको मूल्य बृद्धि हुदाँ पनि सरोकारवाला निकाय मौन छ । बजार अनुगमन लगभग शुन्यको अवस्थामा छ केही उपभोक्तावादी संघ संस्थाले आवाज उठाएपनि अन्य क्षेत्र भने मौन नै छ । तीन वर्षयता अतिआवश्यकीय वस्तुको मूल्य दोब्बरभन्दा बढी बढेको छ । प्रत्येक वस्तु र सेवा किन्दा उपभोक्ताले कस्तो खाले अधिकार पाउँछन् भनी परिभाषित गरेको विषयलाई उपभोक्ता अधिकार भनिन्छ । उपभोक्ताको छनोटको अधिकार, उपभोक्ताको सुनुवाइको अधिकार, उपभोक्ताको सूचनासँग सम्बन्धित अधिकार, स्वच्छ सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार, शिक्षाको अधिकार, स्वच्छ वातावरणको अधिकार र आधारभूत वस्तु तथा सेवामा पहुँचको अधिकारलाई उपभोक्ता अधिकार हुन् ।

उपभोक्ता अधिकार आधारभूत मानव अधिकार हो । योभन्दा ठूलो मानव अधिकार केही हुनै सक्दैन । उपभोक्ता अधिकार नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सबै अधिकारसँग अन्तरसम्बन्धित विषय पर्छन् । त्यसैले यसलाई अलग्याएर हेर्न हुँदैन । मुलुकमा उपभोक्ता सचेत छन् तर सक्रिय छैनन् । सबैभन्दा पहिला उजुरी गर्नेपर्छ । सक्रिय उपभोक्ताले मात्रै उजुरी गर्छन् । एकदुईपटक उजुरीको सुनुवाइका लागि धाउन थालेपछि वस्तु वा सेवा प्रवहा गर्ने पनि सचेत हुन्छन् । सबैभन्दा ठूलो कुरा त उपभोक्ता र उपभोगका लागि क्रियाशील व्यापारी वा सेवा प्रदायकको सचेतना नै हो । उपभोक्ता अधिकारको विषय उत्पादकले आफ्ना ग्राहकलाई हानी हुन दिनु हुँदैन भन्ने कानुनी मान्यताबाट प्रारम्भ भएको हो । उपभोक्ता आफूले किनेका सामान सुरक्षित छन् भन्ने मान्यता राख्छन् । यसमा वस्तुको तौल, गुणस्तर, गलत प्रचार प्रसार तथा विज्ञापन, बनोटको संरचना के के कति कति परिमाणमा परेको छ) भन्ने जानकारी गराउनु पनि हो । बजारमा हुने ठगी, उपभोक्तालाई भ्रूक्याउने, गुमराहमा पार्नेजस्ता गलत क्रियाकलापबाट वस्तु वा सेवा खरिद गर्ने जनसाधारणको सुरक्षा गर्ने कार्य उपभोक्ता संरक्षण हो ।

**कानुनमा के छ ?**

नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको अधिकारलाई मौलिक अधिकारको रूपमा स्वीकार गरिएको छ । यसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्थासमेत कायम रहेको छ ।

खाद्य ऐन, २०६३ उपभोक्ताको स्वास्थ्य सुरक्षा कायम राख्ने प्रयोजनार्थ प्रबन्ध गरिएको हो । यस ऐनमा खाद्य, अखाद्य र न्यूनस्तरको खाद्य पदार्थहरू के के हुन् ? तिनीहरूका बीचमा के कस्ता भिन्नता हुन्छन् भन्ने विषय परिभाषित गरिएको पाइन्छ । प्रस्तुत ऐनले खाद्य पदार्थको स्वाभाविक गुण वा उपयोगिता घटाउन, फिक्न नपाइने, खाद्य पदार्थमा हुने अवाञ्छनीय मिसावट रोक्ने, खाद्य पदार्थको उचित गुणस्तर बनाई राख्नसमेत जोड दिएको छ । त्यसैगरी मानव स्वास्थ्यलाई हानी हुनेगरी सडे गलेको, फोहर मैला, विषाक्त अवस्थामा राखी तयार पारिएको, रोगी पशुपक्षी वा वनस्पतिबाट बनेको, तोकिएको भन्दा घटीबढी रसायन, कीटनाशक औषधिको प्रयोग भई मानवजातिले खानहुने अयोग्य खाद्य पदार्थलाई दूषित खाद्य पदार्थको श्रेणीमा राखिएको छ । खाद्य ऐनबमोजिम कसुर ठहरिने विषय र सजायसम्बन्धी व्यवस्था देहाय बमोजिम छन्:न्यून स्तरको खाद्य पदार्थ उत्पादन, बिक्री वितरण गरेको ठहरिने कसुर गर्ने व्यक्तिलाई रू ५,००० जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय । दूषित खाद्य पदार्थ उत्पादन, बिक्री वितरण गर्ने (जुन पदार्थ खानाले कसैको मृत्यु भएमा, मृत्यु हुने संभावना वा अपूरणीय क्षति भएमा ) व्यक्तिलाई २५,००० सम्म जरिवाना, ३ वर्षसम्म कैद हुने र सो दूषित खाद्य पदार्थबाट प्रभावित व्यक्तिलाई १,००,००० सम्म क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरिएको छ ।

यस्तै उपभोक्ता संरक्षण ऐन, २०५४ यो ऐन उपभोक्ताको संरक्षणको दिशामा महत्त्वपूर्ण मानिएको छ । ऐनमा उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्ने, उपभोक्ताको हक हित र अधिकारको संरक्षणका लागि वस्तु तथा सेवाको गुणस्तर, परिमाण र मूल्यको अनियमितता रोक्ने, वस्तु वा सेवाको गुणस्तर कायम गराउने, एकाधिकार, अनुचित व्यापारिक क्रियाकलाप र मूल्य वृद्धि तथा भ्रुट्टा भ्रमात्मक प्रचारप्रसार हुन नदिने, सुरक्षित र गुणस्तरीय वस्तु वा सेवाको प्रबन्ध गर्ने उद्देश्यहरू रहेका छन् ।

उपभोक्ता संरक्षण ऐनअनुसार कसुर ठहरिने र त्यसमा हुने सजाय कसुर: कमसल वस्तुको उत्पादन, बिक्री वितरण र मिलेमतो वा कार्टेलिङ गरी माल वस्तु वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम : सजाय : ३ वर्षसम्म कैद वा पचास हजारसम्म जरिवाना वा दुवै सजाय, कसुर : ढाँटी, भ्रूक्याई, भ्रमात्मक प्रचारप्रसार गरी अनुचित व्यापारिक क्रियाकलाप गर्ने काममा, सजाय : पाँच वर्ष कैद वा एक लाखसम्म जरिवाना वा दुवै सजाय, कसुर : उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असरपार्ने किसिमको वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गरेकोमा, सजाय : अधिकतम चौध वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ यो ऐनले सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्ने र निम्नानुसारका कसुरजन्य काम नियन्त्रण गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले निर्धारण गरी दिएको मोलभन्दा बढी मोल लिई माल वस्तुको बिक्री गर्ने र माल वस्तुको उत्पादन, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई माल वस्तु बिक्री गर्ने कार्यलाई कालोबजार मानिएको छ । कालो बजारको कसुरमा एक वर्षसम्म कैद वा दुईलाख पचास हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ । कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले व्यापारको प्रचलन अनुसार सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित लाभ लिई बिक्री गरेमा नाफाखोरीको कसुर मानिने प्रबन्ध गरिएको छ । कुनै एक स्थानमा बिक्री वितरण गर्न तोकी दिएको कोटाको लागि आयात गरिएको वा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा, बिक्री गरेमा माल वस्तुको विचलन गरेको मानिन्छ । नाफाखोरीको कसुर र माल वस्तुको विचलनसम्बन्धी दुवै प्रकारको कसुरमा एक वर्षसम्म कैद वा दुईलाख पचास हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । जम्माखोरी वा कृत्रिम अभाव : बजारमा कुनै मालको कृत्रिम अभाव हुनेगरी सो मालको मूल्य वृद्धि गराएर त्यसबाट अनुचित नाफा लिई बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तुको संग्रह गरी बिक्री नगरेमा जम्माखोरी गरेको मानिन्छ । कृत्रिम अभावसम्बन्धी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दस लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । कमसल माललाई वा एक किसिमको माल वस्तुलाई अर्कै हो भन्ने भानपारी वा कुनै माल वस्तुमा सो माल वस्तुको स्तर घट्नेगरी मिसावट गरी बिक्री वितरण गरेमा भ्रूक्याई बिक्री वितरण गरेको मानिने व्यवस्था छ । भ्रूक्याई बिक्री वितरणको कसुर गर्ने कसुरदारलाइ ९ महिनासम्म कैद वा २ लाखसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान रहेको छ ।

लेखक : कानुन व्यवसायी हुनुहुन्छ ।





# India's Independence Day and Kashmir's Unfinished Promise

Dr. Ghulam Nabi Fai
Chairman
World Forum for Peace & Justice

August 15, 2026

India will celebrate its 80th Independence Day on August 15, 2026 commemorating its independence from British colonial rule. We extend our warm greetings to the people of India on this historic occasion. The freedom of a nation from colonial rule is, in principle, a cause worthy of celebration. But independence also invites a deeper question: What does freedom mean when the political aspirations of an entire people remain unresolvedż

India has every right to celebrate its Independence Day within the territory it administers. But Kashmir presents a profound contradiction to the democratic ideals India proudly invokes. For Kashmiris, the promise of self-determination made in the earliest years of the India-Pakistan conflict remains unfulfilled.

It was India that brought the Kashmir question before the United Nations Security Council in 1948. The Council subsequently adopted resolutions addressing the conflict, including Resolution 47 of April 21, 1948, which dealt with restoration of peace and order and contemplated a plebiscite in Jammu and Kashmir.

The international framework that emerged was intended to halt hostilities, establish a ceasefire, and create conditions under which the people of Jammu and Kashmir could have a say in determining their political future. Yet nearly eight decades later, that promise remains unrealized.

The tragedy of Kashmir is not simply that India and Pakistan disagree over territory. It is that the people who have lived through generations of conflict have too often been treated as objects of diplomacy rather than as participants in determining their own future.

India describes Jammu and Kashmir as an integral part of the country. The people of Kashmir reject that position and continues to call for the exercise of Kashmiri self-determination. The United Nations continues to regard Jammu and Kashmir as a dispute on its agenda. The competing claims of India and Pakistan, however, should not obscure the fundamental question: What do the Kashmiri people themselves wantż That question is at the heart of the dispute.




Mahatma Gandhi articulated a principle that remains strikingly relevant. As quoted by Stanley Wolpert in Gandhi's Passion, Gandhi argued that the people of Kashmir should be free to determine their own political future. The enduring force of that principle lies not in its partisan application, but in its universality: "They should be left free to decide for themselves."

If democracy means government by the consent of the governed, then Kashmir cannot forever be treated as merely a territorial question between two nuclear-armed states. Nor should Kashmir be reduced to a religious confrontation between Hindus and Muslims, or to a conventional border dispute. At its core, it is a question of political rights, human dignity and self-determination. Any durable settlement must address the aspirations and rights of the Kashmiri people themselves, irrespective of their religious background.

The status quo has clearly failed to deliver peace. Decades of military confrontation, political instability, human-rights concerns and repeated crises have demonstrated that postponing the underlying political question does not resolve it. Indeed, the continued hostility between India and Pakistan has periodically brought South Asia dangerously close to wider conflict. The presence of nuclear weapons makes the consequences of miscalculation particularly grave.

The Pahalgam attack of April 2025 and the subsequent India-Pakistan military confrontation once again demonstrated how quickly a crisis in Kashmir can escalate into a regional security emergency. Whatever one's position on responsibility for the violence, the episode underscored an unavoidable reality: Kashmir is not a frozen conflict. It remains a source of grave instability in a nuclear-armed region.

